किसान बहुउद्देश्यीय सहकारी संस्था लि. द्वारा प्रकाशित

किसान दर्पण

विश्वासिलो सेवाको
३० औं
वर्ष पुरा

समृद्धिका लागि समुदाय संग संगै

Kisan-Coop

वार्षिकोत्सव विशेष

उदाउँदा उद्यमीहरु

किसान बहुउद्देश्यीय सहकारी संस्था लि.

KISAN BAHUUDESHIYA SAHAKARI SANSTHA LTD

किसान दर्पण

वर्ष : १ अङ्क : १, २०८२ साउन-असोज

यस अङ्क भित्र.........

- सहकार्यका ३० वर्ष : अनुभव र अनुभूती
  - सुरेन्द्र कुमार शाह
- गौरवशाली तीन दशक : अनवरत सेवाको सौभाग्य
  - डम्बर बहादुर शाह

आवरण कथा : उदाउँदा उद्यमीहरु

केरा खेतीमा रमाएको दम्पती

असफलता देखेर सफल भएकी आशाकली

बिराएको उद्यमको बाटो रिक्साले देखायो

चार व्यवसायकी राजकुमारी

कथा कपडागञ्जको

स्थानिय सरकारको दृष्टिमा किसान-कोप

- सामाजिक व्यवसाय र सहकारी: दिगो विकासको साझा यात्रा - सरोज कुमार शाह
- किसानकोप 3z क्लब र समुदाय - तपेन्द्र प्याकुरेल
- विविध : सफलताका कथाहरु

प्रकाशकीय

आफु आवद्ध रहेको सहकारी संस्थाले गरिरहेका गतिविधीहरूबारे जान्ने र बुझ्ने ईच्छा संस्थाका सम्पूर्ण सदस्यहरूमा हुनुपर्छ । अझ भन्ने हो भने यस्ता गतिविधीहरूबारे सदस्यलाई जानकारी दिनु संस्थाको पनि कर्तव्य हो । यस संस्थाले विगत देखिनै विभिन्न माध्यमहरू बाट आफ्ना गतिविधीहरूबारे सदस्य तथा सरोकारवालालाई जानकारी गराउँदै आएको छ । यस्ता गतिविधीहरूको जानकारी गराउनुका साथै दस्तावेजका रूपमा संग्रह गरेर राख्ने उद्देश्य सहित त्रैमासिक मुखपत्र प्रकाशन गर्ने जमर्को गरेको छ । यसको पहिलो अङ्क ३० औं वार्षिकोत्सवको अवसर पारेर प्रकाशन गरेका छौं । किसान दर्पण नाम दिएर नियमित प्रकाशन गरिने यस बुलेटिनले संस्थाका गतिविधि र क्रियाकलापहरू पारदर्शी रूपमा सदस्य र सरोकारवालाहरूसम्म पुऱ्याउन प्रभावकारी भुमिका निर्वाह गर्नुका साथै देशको सहकारी आन्दोलनलाई गति दिन समेत मद्दत गर्ने अपेक्षा गरेका छौं । सहकारीका मुलभूत सिद्धान्त र सदस्यहरू बीचको पारस्परिकतामा सुधार एवं सहकारी अभियन्ता एवं अध्येताहरूका लागि यो प्रकाशन सन्दर्भ सामग्रीका रूपमा रहने समेत अपेक्षा गरेका छौं । अन्त्यमा, आगामी अङ्कका लागि यहाँहरूबाट सल्लाह सुझावको अपेक्षा गर्दछौं ।

हाम्रो सम्पर्क

सूचना तथा प्रकाशन शाखा
किसान बहुउद्देश्यीय सहकारी संस्था लि.
केन्द्रिय कार्यालय, लम्की, कैलाली ।
ईमेल : info@kisancoop.com
ई पेपरका लागि :
www.kisancoop.com

मुख्यमन्त्री

सुदूरपश्चिम प्रदेश सरकार

धनगढी, कैलाली, नेपाल

शुभकामना सन्देश

सर्वप्रथम कैलाली जिल्लाको लम्कीचुहा नगरपालिका स्थित किसान बहुउद्देश्यीय सहकारीले आफ्नो स्थापनाको ३० वर्ष पुरा गरेको खबर पाउँदा खुशी लागेको छ। स्थानियस्तरमा ३० वर्षसम्म सफलता पूर्वक सहकारी संस्था सञ्चालन गरी **"एकका लागि सबै र सबैका लागि एक"** भन्ने मूलमन्त्र सार्थक पार्न सफल भएकाले नै यो सहकारी संस्था आज ३१ औ वर्ष सम्म आईपुगेको मेरो बुझाई रहेको छ।सहकारी पद्धति मार्फत आम समुदायलाई संगठित गराई देशको आर्थिक सामाजिक तथा सांस्कृतिक रुपान्तरणमा पुऱ्याएको योगदान प्रशंसनीय छ।

सुदूरपश्चिम प्रदेश र लुम्बीनी प्रदेशको राजापुर न.पा. कार्यक्षेत्र रहेको संस्थाले ९० हजार परिवारलाई बहुउद्देश्यीय प्रकृतीका ३ छुट्टा छुट्टै व्यवसायहरु मार्फत सेवा पुयाईरहेको थाहा पाउँदा उक्त संस्थालाई सहकारी क्षेत्रको अग्रणी सहकारी संस्थाका रुपमा मैले बुझेको छु।सहकारीका माध्यमबाट सदस्यलाई आत्मनिर्भर बनाउन सहकारीले कृषिक्षेत्रलाई प्राथमिकतामा राख्नुका साथै समुदाय स्तरमा सदस्यहरुलाई एकताबद्ध गराई विभिन्न प्रकारका सीपमूलक तालिम एव वित्तीय सचेतना सम्बन्धी कार्यक्रम गर्नुका अतिरिक्त सहकारी पसल, कागती खेती, चिस्यान्केन्द्र, कृषि प्रयोगशाला लगायतका सकारात्मक कार्यतर्फ संस्था अग्रसर हुनु सहकारी क्षेत्रका लागि गौरवको कुरा हो।

आजको युग सूचना प्रविधिको युग भएकाले सहकारी संस्थाले समेत प्रविधिलाई आत्मसाथ गरिरहेको बुझेको छु ।विभिन्न प्रकारका विद्युतीय माध्यमबाट कारोबार गर्ने संस्थाले सदस्यलाई सहज वातावरण बनाई दिनु आजको युग सुहाउँदो आवश्यकता हो ।

आगामी दिनमा सहकारीका माध्यमबाट गरीबी न्यूनिकरण, सामाजिक, लैंगिक असमानता हटाई सभ्य र स्वावलम्बी समाज निर्माणका लागि सहकारीले उल्लेखनीय भूमिका निर्वाह गरोस् भन्ने शुभेच्छा सहित सहकारी संस्थाको ३० औं वार्षिक उत्सवको पूर्ण सफलताको लागि हार्दिक शुभकामना व्यक्त गर्दछु।

धन्यवाद ।

कमल बहादुर शाह

मुख्यमन्त्री

सुदूरपश्चिम प्रदेश सरकार

स्वावलम्बन विकास केन्द्र

Centre for Self-help Development (CSD)

(संस्था दर्ता ऐन, २०३४ अन्तर्गत दर्ता भएको)

शुभकामना ।

सहकारीको माध्यमबाट गरीब तथा विपन्न परिवारको जीवनस्तर माथि उकास्न केन्द्रित भएर विभिन्न गतिविधि गर्दै समाजको आर्थिक सँगै सामाजिक, साँस्कृतिक र वातावरणीय अवस्था सुधार गर्न **किसान बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड**ले उदाहरणीय कार्य गरेको देखिन्छ । नेपाल सरकारको तीन खम्बे अर्थनीति अनुरुप सदस्यहरुको आयस्तर उकास्ने, सिपमूलक तालिम, वित्तीय साक्षरता कार्यक्रम तथा कृषि प्रवर्द्धनमार्फत समुदायमा आर्थिक सशक्तीकरणको अभियानमा तीन दशक पूरा गरेको किसान बहुउद्देश्यीय सहकारीलाई ३०औं वार्षिकोत्सवको उपलक्ष्यमा स्वावलम्बन विकास केन्द्रको तर्फबाट हार्दिक शुभकामना व्यक्त गर्दछुँ । साथै यस अवसरमा संस्थाको गतिविधि अझ पारदर्शी बनाउने ध्येयका साथ वार्षिक प्रतिवेदन प्रकाशन गर्न लागेको जानकारी पाउँदा खुशी लागेको छ । यस कार्यले समाजमा संस्थाको विश्वसनियता अझ बढाउने छ भन्ने विश्वास लिएको छुँ ।

अहिले लघुवित्त तथा सहकारी क्षेत्र जटिल अवस्थामा छ । लघुवित्त सञ्चालन गर्ने संस्थाहरुले आफ्ना ग्राहक सदस्यहरुलाई उद्यमी बनाउन नसक्दा उनीहरुको जीवनस्तर उकास्ने लक्ष पूरा हुन सकेको छैन । सदस्यहरुलाई उद्यमी बनाउन सके मात्र सदस्यको सामाजिक आर्थिक उत्थान हुने र लघुवित्तको असुली समस्या पनि स्वतः समाधन हुने हुँदा उनीहरुसँग सु-सम्बन्ध स्थापित गर्न र उद्यमी सदस्य बनाउने अभियान अगाडी बढाउन आवाहन गर्दछुँ ।

हाल देशमा युवा जनशक्ति रोजगारीको लागी विदेश पलायन हुने प्रवृति दिनानुदिन बढ्दै गएको देखिन्छ । युवाहरुलाई स्वरोजगार बनाउन उनीहरुलाई स-साना उद्यममा सहभागी गराई उनीहरुमा उद्यमशीलता वृद्धिको लागी कार्यक्रमहरु अगाडी बढाउन पनि सहकारी संस्थाहरु क्रियाशील हुनु अत्यावश्यक छ । यसैले संस्थाले आफ्नो कार्यक्षेत्रमा शून्य गरीबी, शून्य वेरोजगारी र शून्य खुद कार्बन उत्सर्जनको अवधारणा आत्मसात गरी अगाडी बढ्ने दृढता लिएकोमा हाम्रो सराहना छ । साथै, किसान बहुउद्देश्यीयलाई आफ्नो कार्य क्षेत्र भित्र वातावरणमैत्री स्वावलम्बन गाउँ र्निमाण गर्न पनि अग्रसर हुन आग्रह गर्दछु । यथाशीघ्र परीणाम देख्न पाउने आशा राख्दै संस्था एवं सदस्यहरुको उत्तरोत्तर प्रगतिको लागी शुभकामना !

शंकर मान श्रेष्ठ

अध्यक्ष

स्वावलम्बन विकास केन्द्र

पो ब. नं. ८८५२, माईतीघर हाईट, काठमाडौं, नेपाल । टेलिफोन नं. ५३६५६३४, ५३५६७८६
P.O. Box 8852, Maitighar Height, Kathmandu, Nepal, Telephone No. 5365634, 5356786
E-mail: csd@mos.com.np Web www.csdnepal.org

नेपाल सरकार
राष्ट्रिय सहकारी नियमन प्राधिकरण
NATIONAL COOPERATIVES REGULATORY AUTHORITY
स्थापना-२०८१

पत्र संख्या :

चलानी नं. :

राष्ट्रिय सहकारी नियमन प्राधिकरण
पुल्चोक, ललितपुर, नेपाल।
(स्थापना-२०८१)
नेपाल सरकार

शुभकामना !

सहकारीका सिद्धान्त, मुल्य र सहकारी कानुन अनुरुप सदस्यहरुको आर्थिक, सामाजिक र साँस्कृतिक रुपान्तरण गरी सदस्यका आवश्यकता परिपुर्ति गर्दै समृद्ध समाज निर्माणको वाटोमा अग्रसर हुनेगरी सहकारी संस्थाहरु स्थापना गरिने विश्वव्यापी प्रचलनलाई आत्मसाथ गरिरहेको नेपालको सहकारी अभियानका सवल र सुन्दर पक्षलाई ग्रहण गर्नु हरेक सहकारी संस्था र सहकारी कर्मीको कर्तव्य र दायित्व हुन आउँछ। आज भन्दा तीन दशक अगाडी स्थापना भई ९० हजार भन्दा बढी परिवारलाई समेट्दै यस"किसान बहुउद्देश्यीय सहकारी संस्था लि." ले आफ्नो स्थापनाको यस महत्वपूर्ण अवसरमा प्राप्त गरेका उपलब्धिलाई थप प्रभावकारी वनाउने र जानेर वा नजानेर केही कमीकमजोरीहरु भएका छन् भने बिधि सम्वत् रुपवाट आफुलाई सुधार गर्दै अगाडी बढ्ने प्रेरणा र उर्जा प्राप्त हुनेछ भन्ने शुभकामना र शुभेच्छा प्रकट गर्दछु।

पुनश्चः यस संस्था परिवारले अथक मेहनत गर्दै समुदायमा संस्थाको साखलाई विस्तार गर्दै ३०औं बार्षिकोत्सव मनाउन गई रहेको अवसरमा वित्तिय सेवाको गुणस्तर वृद्धि गर्दै सदस्य केन्द्रित उत्पादनशिल कार्यमा समेत सहकारीले अझ वढी आफ्नो ध्यान केन्द्रित गर्नमा जोड दिनेछ भन्ने अपेक्षा र विश्वास राख्दछु। साथै ३०औं बार्षिकोत्सवको यस सुखद अवसरमा संस्था परिवारलाई हार्दिक बधाई सहित आगामी दिनमा संस्थाको विकास, प्रवर्द्धन र सदस्य सेवामा थप सफलता मिलोस् भन्ने शुभकामना व्यक्त गर्दछु।

मिति २०८२/०६/२८

डा. खगराज शर्मा
अध्यक्ष

स्वायत्तता र स्वतन्त्रता
सदस्यहरूलाई प्रजातान्त्रिक नियन्त्रण
समुदाय प्रति चासो
शिक्षा, तालिम र सुचना
सदस्यहरूको आर्थिक सहभागिता
सहकारी बिच पारस्परिक सहयोग
स्वेच्छिक तथा खुला सदस्यता
सहकारीका सिद्धान्त

सहकार्यका ३० वर्ष : अनुभव र अनुभूती

सुरेन्द्र कुमार शाह
अध्यक्ष

तीस वर्ष–सिर्फ समयको गणना मात्र होइन, एउटा यात्रा हो – संघर्ष, विश्वास र उपलब्धिको । वि..सं. २०५२ साल कार्तिक १७ गते, स्थानीय किसानहरूको सानो समूहले "संग-संगै अघि बढ्ने" सपना बोकेर यो सहकारीको बीउ रोप्यो । त्यो बीउ आज विशाल वृक्ष बनिसकेको छ, जसको छायाँमा हजारौं सदस्यहरूको विश्वास, श्रम र जीवन जोडिएको छ । मलखाद र खाद्यान्नको खरिद-बिक्रीबाट सुरू भएको हाम्रो यात्रा, वि.सं. २०५४ सालमा नेपाल राष्ट्र बैंकको नियमनमा प्रवेश गर्दै बचत तथा ऋण सेवामा अघि बढ्यो । राष्ट्र बैंकको नियमनबाट स्वनियमनमा परिवर्तन हुँदा हामीले संस्थागत अनुशासन, पारदर्शिता र उत्तरदायित्वलाई कहिल्यै कमजोर हुन दिएनौं । आज पनि हाम्रो संस्था त्यसै समयको अनुशासन र सदाचारमा उभिएको छ । सञ्चालक समितिका पदाधिकारीहरूले कर्जा नलिने परिपाटी, कर्जा कारोबार भएका सदस्यलाई पदाधिकारी बन्न निषेध, कर्जा सूचना केन्द्रका विवरणको नियमित विश्लेषण – यी सबै अभ्यासहरूले हाम्रो संस्थालाई इमानदारी र विश्वसनीयताको प्रतिमूर्तिका रूपमा स्थापित गरेका छन् ।

देशभर सहकारीप्रतिको भरोसा घट्दै गइरहेको छ, त्यही बेला हाम्रो संस्था विश्वास, पारदर्शिता र सुशासनको प्रतीक बनेर उभिएको छ । हामीले प्रमाणित गर्‍यौं – "सिद्धान्त र नीतिमा अडिग भएर चलेको सहकारी कहिल्यै विचलित हुँदैन।" हामीले हाम्रा आन्तरिक नीती र सहकारी सिद्धान्तहरूको अक्षरशः पालना गर्दै सदस्य सामु जवाफदेही बन्ने परम्परा बसायौं । जसका कारण सदस्यले प्रश्न राख्न सक्ने, जिज्ञासा र सुझाव दिन सक्ने वातावरण सृजना गर्‍यौं । सदस्यको सकारात्मक जिज्ञासा, सुझाव र प्रश्नहरूलाई यथोचित स्थान दिई हाम्रा आन्तरिक नीतिहरूको अभिन्न अङ्ग बनायौं । हाल संस्थाले आन्तरीक १९ वटा नीतिहरूको अक्षरशः कार्यान्वयन गर्दै सदस्य सेवामा समर्पित छ ।

वित्तीय व्यवसाय : आधुनिकताको मुटु

संस्थाको मुख्य आधार वित्तीय व्यवसाय हो । यो व्यवसाय सदस्यको भरोसा र विश्वासको जगमा उभिएको छ । संस्था मेरो पनि हो । त्यसैले म सचेत भई संस्थाका सेवा लिन्छु भन्ने सदस्यको अनुशासित व्यवहार र ज्ञानले संस्थाको वित्तिय व्यवसाय थप उत्कृष्ट हुदै गएको छ । हाल ४१ शाखा कार्यालय मार्फत हामी सदस्यलाई सहज र आधुनिक वित्तीय सेवा दिइरहेका छौं । मोबाइल बैंकिङ, एटीएम, क्यूआर भुक्तानीजस्ता सेवाहरू निरन्तर परिष्कृत हुँदैछन् । सदस्यलाई नेपालमै प्रसिद्ध उत्कृष्ट तहको डिजिटल बैकिंग सुविधा दिएका छौ । यो हाम्रो डिजिटल यात्राको नयाँ उपलब्धि हो । सदस्यमा बचत संस्कार बृद्धि गर्न बचत सेवालाई समयानुकुल परिमार्जन गर्दै अघि

बढेका छौं । "खुत्रुके बचत योजना" र "किसान सरल कर्जा योजना" जस्ता योजनाले सदस्यको जीवनमा सीधा राहत र अवसर दुबै सिर्जना गरेका छन् ।

कृषि व्यवसाय : किसानसँगको सहयात्रा

किसान-कोप एग्रो बिजनेस हाम्रो सहकारीको आत्मा हो । हामी कृषि व्यवसायलाई केवल व्यापार होइन, सदस्य-किसानको सशक्तीकरणको अभियानका रूपमा हेर्छौं ।

हामीले सदस्यहरूलाई निःशुल्क तालिम, परामर्श, र बजार पहुँच उपलब्ध गराउँदै उनीहरूको उत्पादनलाई बजारसम्म पुऱ्याउने पुल बनेका छौं । किसान-कोप एग्रो मार्ट बाट गुणस्तरीय मल, बिउँ-बिजन र कृषि उपकरणहरू सर्वसुलभ मुल्यमा वितरण गर्छौ । कृषक सदस्यको क्षमता अभिवृद्धी एवं कृषि कर्ममा उत्प्रेरणका लागि नमुना एकीकृत कृषि फार्म सञ्चालन गरेका छौ । यो फर्मले कृषि उत्पादन मात्र गर्ने नभई सदस्यलाई कृषि कर्ममा संलग्न भई पौरखी एवं स्वावलम्बी बन्नु पर्छ भन्ने सन्देश दिईरहेको छ । सदस्यका थोर थोरै कृषि उत्पादनलाई भण्डारण सुविधा होस् भन्ने मनसायले सानो क्षमताको कोल्ड स्टोर सञ्चालन गरिरहेका छौ । व्यवसायिक नगदेबालीको परम्परा सदस्य स्तरबाटै शुरू होस भन्ने मनसायले प्रदर्शनीका लागि कागती तथा फलफुलखेती विस्तार गरेका छौ । हामी मान्दछौं कि–किसानको जिवन यापन सहज भई आय आर्जनमा बृद्धि भए मात्र हाम्रो समुदायको समृद्धि सम्भव छ ।

सहकारी पसल : स्थानीय उत्पादनको बजार

वि.सं. २०७९ सालमा सुरू गरिएको किसान-कोप मार्ट हाम्रो अर्को गौरव हो । यसले स्थानीय उत्पादनको बजार विस्तार गर्दै समुदायलाई गुणस्तरीय वस्तु सहज रूपमा उपलब्ध गराएको छ । लम्की, सुखड र बौनीयाँमा रहेका तीन आउटलेट र वितरण केन्द्रले स्थानीय अर्थतन्त्रमा नयाँ ऊर्जा भरेका छन् । यो युनिटले सदस्यलाई उत्पादन र बजारसँग जोड्दै, उनीहरूलाई उद्यमी बन्न प्रेरित गरेको छ । यो खाली संस्थाको व्यवसाय मात्र नभई गुणस्तरीय उपभोग संस्कारको प्रवर्द्धन पनि हो । सदस्यका उत्पादनको बजार प्रस्थानको प्रथम बिन्दु पनि हो ।

संस्थाको विस्तार र दूरदृष्टि

आज हाम्रो संस्था सुदूरपश्चिमका ६ जिल्ला (कैलाली, कञ्चनपुर, डोटी, डडेल्धुरा, बैतडी, अछाम) र लुम्बिनी प्रदेशको बर्दिया जिल्लामा आफ्नो सेवा विस्तार गर्न सफल भएको छ । यो विस्तार केवल भौगोलिक होइन, विश्वास र मूल्यहरूको विस्तार हो । हामीले पाँचवर्षे रणनीतिक योजना तयार गरी अब वित्तीय व्यवसायसँगै अन्य क्षेत्रहरूमा पनि समान अवसर र जिम्मेवारी सुम्पन थालेका छौं । निकट भविष्यमा कृषि, सहकारी र सामाजिक उद्यमका नयाँ मोडेलहरू सन्चालन गर्ने हाम्रो लक्ष्य छ । हामी केवल आजको सहकारी होइन, भोलिको समुदाय निर्माणको साझेदार बन्न चाहन्छौं ।

पारदर्शिता, सुशासन र मान्यता

अन्तर्राष्ट्रिय मापदण्डका आधारमा मूल्यांकन हुँदा हाम्रो संस्था नेपालकै पहिलो "स्मार्ट सर्टिफाइड सहकारी संस्था" बन्न सफल भएको छ – यो केवल उपलब्धि होइन, हाम्रो प्रतिबद्धताको प्रमाण हो ।

हामीले स्थापित गरेका नीतिहरू मध्ये सदस्यका सुझाव र गुनासाहरू सुन्ने र समाधान गर्ने नीति, अत्यधिक कर्जाभारबाट सदस्यलाई जोगाउने नीति, पारदर्शिता र सूचना प्रवाह नीति, सदस्यको रायलाई निर्णयमा समावेश गर्ने नीति । यी सबै हाम्रो सुशासनका आधारस्तम्भ हुन् ।

समृद्धिका लागि समुदाय संग-संगै

हामी विश्वास गर्छौं – समृद्धि एकल प्रयासले सम्भव छैन । समृद्धि त तब सम्भव हुन्छ, जब समुदाय, संस्था र सदस्यहरू एउटै लक्ष्यका लागि हातेमालो गर्छन् । स्थानीय स्तरमा उद्यमशीलता विकास भए रोजगारी सिर्जना हुन्छ, रोजगारीले आय र उपभोगमा वृद्धि ल्याउँछ, त्यसले जीवनस्तर र समाजको अर्थतन्त्र दुवै उकास्छ । यही सोचका साथ हामीले नारा तय गरेका छौं – "समृद्धिका लागि समुदायसँग-संगै ।" हाम्रो सहकारी केवल आर्थिक संस्था होइन, यो तपाईंको जीवन यात्रा सँगसँगै हिंड्ने विश्वसनीय सहयात्री हो । जसले तपाईलाई आर्थिक मात्र नभई सामाजिक, नैतीक र संस्कारी भई समुदायको समृद्धिको सारथी बन्न सदैव प्रेरित गरि रहनेछ । त्यसैले आउनुहोस् ३० वर्ष पछिका सयौं वर्ष सम्मको यो यात्रामा सँगै जोडिएर र आगामी पुस्ता समेतलाई जोडेर समुदायको उन्नती प्रगतीका लागि हातेमालो गरौ । सबैमा शुभकामना ।

धन्यवाद । जय सहकारी। जय किसान । ❑❑

हार्दिक श्रद्धान्जली

नथामिने शोकको पिडा बनि अकालमै टुट्यो एउटा सपना,
सदाका लागि विदा भए पनि, रहिरहने छौ नेपाली मनमा ।

ईजरायल-प्यालेस्टाइन युद्धमा परि असामयिक रुपमा ज्यान गुमाउनुभएका सुदुरपश्चिम प्रदेशको कञ्चनपुर जिल्ला, भीमदत्त नगरपालिका निवासी प्रिय नेपाली विद्यार्थी स्व. विपिन जोशीको निधनले मर्माहत बनाएको छ ।

दूर देशमा अध्ययनरत रहँदा निर्दोष नागरिकमाथि भएको क्रूर घटनामा ज्यान गुमाउनुभएका स्व. विपिन जोशीको असामयिक निधनले सम्पूर्ण नेपाली समुदायलाई स्तब्ध र मर्माहित बनाएको छ। उहाँको उज्वल भविष्यप्रति पालिएको आकांक्षा अधुरो रहनु व्यक्तिगत क्षति मात्र नभई सिंगो राष्ट्रका लागि पनि अपूरणीय क्षति हो।

यस भावविव्हल क्षणमा स्व. विपिन जोशी प्रती हार्दिक श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवार जनप्रति गहिरो समवेदना व्यक्त गर्दछौ ।

किसान-कोप परिवार

गौरवशाली तीन दशक : अनवरत सेवाको सौभाग्य

डम्बर बहादुर शाह
महा-प्रबन्धक

तीन दशकको इतिहास – सहकार्य, संघर्ष र समर्पणको उज्ज्वल गाथा हो । यो केवल वर्षहरूको गणना होइन, यो त एक पुस्ताको सपना, एक समुदायको श्रम, र साझा लक्ष्यप्रतिको दृढ प्रतिबद्धताको प्रतिफल हो । तीन दशकअघि जब यो सहकारीको बीउ रोपिंदै थियो, त्यो माटोमा सपना थियो, पसिना थियो, तर पूँजी थोरै मात्र थियो । सजिलो थिएन – हरेक पाइला चुनौतीले भरिएको थियो । तर हामीसँग थियो विश्वास – "संगठन, सहकार्य र आत्मनिर्भरता" को दृढ विश्वास ।

हाम्रो सुरूवाती दिनहरू सम्झिँदा आज पनि मन भावुक हुन्छ । काठका टेबुल, पुराना कुर्सी र हातले लेखिएको खाता-पुस्तकहरूबीच हामीले सहकारिताको बीज रोप्यौं । सदस्यको घर-घर पुग्यौं, बचत र सहकार्यको अर्थ बुझायौं, अनि बिस्तारै संस्थाको नाम, काम र भरोसा बढ्दै गयो । समयसँगै हामीले धेरै चरण पार गर्यौं – कहिले आर्थिक मन्दी, कहिले सामाजिक चुनौती, कहिले नीति-परिवर्तनका आँधी आए । तर ति चुनौतीले हामीलाई झुकाएन बरू अझ सुदृढ बनायो । हामी ढलेनौं, बरू हरेक असफलता-पछिका पलहरूलाई नयाँ सम्भावनाको अवसरमा रूपान्तरण गर्यौं ।

आज जब म यी तीस वर्षतिर फर्केर हेर्छु, त्यो यात्राको प्रत्येक मोडमा संघर्षको पसीना, सहयोगको हात, र समर्पणको उज्यालो देख्छु । हामीले देखेका सपना आज मूर्त रूप लिइरहेका छन् । सदस्यको जीवनस्तरमा आएको परिवर्तन, आत्मविश्वासका साथ उठेका उद्यमी अनुहारहरू र समुदायमा फैलिएको सहकार्यको संस्कार – यी सबै हाम्रा साझा उपलब्धि हुन् । यस संस्थाले विगत तीस वर्षमा केवल आर्थिक सेवा मात्र प्रदान गरेको होइन, सामाजिक चेतना, विश्वास र सहकार्यको संस्कृति निर्माण गरेको छ । हामीले सिक्यौं – सहकारी केवल लेनदेन होइन, यो जीवनशैली हो; यो "एकका लागि सबै र सबैका लागि एक" भन्ने भावनाको प्रतिक हो । हामीसँग अहिले आधुनिक प्रविधि छ, दक्ष जनशक्ति छ, र दिगो योजना पनि । तर हरेक उपलब्धिको जरामा अझै पनि ती सुरूवाती वर्षहरूको त्यही सरलता, त्यही समर्पण, र त्यही समुदायप्रतिको निष्ठा पलाइरहेको छ ।

तीन दशक लामो यात्रामा मैले पनि आफ्नो जीवनका सबैभन्दा सक्रिय वर्षहरू यसै संस्थाको सेवामा अर्पण गर्ने सौभाग्य पाएँ । यस संस्थासँगको मेरो सम्बन्ध केवल पेशागत होइन, भावनात्मक र जीवनका मूल मूल्यहरूसँग गाँसिएको छ । सहकार्यको अर्थ मैले यहीँ बुझें, सेवाको सन्तोष मैले यहीँ महसुस गरें, र सफलताको स्वाद मैले सदस्यको खुशीमा देखें । अब हामी नयाँ चरणमा प्रवेश गर्दैछौं – जहाँ चुनौती फरक छन्, तर हाम्रा मूल्यहरू उही छन्। हामी अझ सुदृढ प्रणाली,

पारदर्शी व्यवस्थापन, र नवप्रवर्तनकारी सोचका साथ अगाडि बढ्दैछौं । सहकारीलाई आर्थिक मात्र होइन, सामाजिक रूपान्तरणको माध्यम बनाउने हाम्रो संकल्प अझ बलियो बनेको छ ।

सुरूवातका दिनमा जब यो संस्था स्थापना हुँदै थियो, त्यसबेला आर्थिक पहुँच, बचतको संस्कार र सहकार्यको भावना दुर्लभ थियो । साधन सीमित थिए, तर उद्देश्य विशाल । यात्रा आरम्भ गर्दा न त सुविधायुक्त कार्यालय थियो, न त प्राविधिक जनशक्ति । थियो त केवल विश्वास, लगन र समुदायको आत्मीयता । यिनै आधारमा हामी अघि बढ्यौँ, संघर्ष गर्यौँ, र समयसँगै उपलब्धिको सीढी चढ्दै आज यहाँ आइपुगेका छौ ।

यी तीस वर्षका दिनहरू एकछिन पनि थमिएनन् । सदस्य सेवाको हुटहुटी, योजनाको दिगोपन, र संस्थालाई सबल बनाउनको लागि गरिएको अनवरत प्रयासका कारण समय कसरी बित्यो, थाहा नै भएन । लक्ष्य प्राप्तिको आकांक्षाले विश्राम गर्न नै दिएन – हरेक वर्ष नयाँ सपना, नयाँ चुनौती, र नयाँ उपलब्धिहरूले यात्रालाई अझ सार्थक बनाइरहे ।

वि.सं. २०५२ कार्तिक १७ गते, जब लम्की क्षेत्रमा न त आजका जस्तो बजार सुविधा थियो, न त वित्तीय संस्थाको पहुँच, त्यही बेला २५ जना स्थानीय अग्रजहरूको साझा सोच र प्रतिवद्धताबाट यो संस्थाको जन्म भयो। त्यस समयका किसानहरू कृषि उत्पादनका लागि आवश्यक बीउ, मल, कृषि सामग्री र ऋण जुटाउन असहज अवस्थामा थिए । उपभोग्य वस्तुका लागि टाढाका बजारसम्म जानु पर्ने बाध्यता थियो । त्यही अभावको समयमा स्थानीय बासिन्दाहरूले आफ्नै स्रोत र श्रमबाट समाधान खोज्ने निर्णय गरे – सहकार्यको बाटो रोजे । यही बाटो आज सहकारी आन्दोलनको दीपशिखा बनेको छ ।

आजको यो अवसर हाम्रो साझा समर्पण र सामूहिक उपलब्धिको उत्सव हो । ती सबै संस्थापक सदस्यहरू, पूर्व पदाधिकारी, कर्मचारी, र आज पनि सहकार्यको मूल आत्मालाई जिउँदो राख्ने हाम्रा सबै सदस्यप्रति म हृदयदेखि कृतज्ञ छु । हामीले हिडेको बाटो सहज थिएन, तर अर्थपूर्ण थियो । हामीले गरेको यात्रा छोटो थिएन, तर गौरवपूर्ण थियो ।

स्थापनाको सुरुवात र सेवाको विस्तार

स्थापना कालमै संस्थाले 'आफ्नै प्रयोजनका लागि, आफ्नै स्रोतबाट' भन्ने सिद्धान्तलाई आत्मसात् गर्‍यो । किसानको जीवनमा राहत ल्याउने उद्देश्यले बचत, ऋण र कृषि सहयोगका प्रारम्भिक गतिविधिहरू सुरू भए । वि.सं. २०५४ मा नेपाल राष्ट्र बैंकबाट वित्तीय कारोबारको अनुमति प्राप्त भएपछि संस्थाले आफ्नो गतिविधिलाई औपचारिक रूपमा विस्तार गर्न थाल्यो । त्यो समय लम्की क्षेत्रमा कुनै बैंक वा वित्तीय संस्था थिएन। तर, सदस्यहरूको विश्वास, सञ्चालकहरूको प्रतिबद्धता र कर्मचारीहरूको लगनशीलताले संस्थालाई आर्थिक सेवाको केन्द्र बनायो । आज यो संस्था केवल वित्तीय सेवा प्रदायक मात्र होइन, समुदायको आर्थिक र सामाजिक रूपान्तरणको माध्यम बनिसकेको छ ।

संघर्षका बीच पुनर्जागरण

देशमा माओवादी आन्दोलन सुरू हुँदा सहकारी पनि त्यसको प्रभावबाट अछुतो रहन सकेन । संस्था लामो समय अवरूद्ध अवस्थामा रह्यो, तर आन्दोलनको अन्त्यसँगै पुनः लयमा फर्कियो । विश्वास र प्रतिबद्धताबाट पुनर्जीवित भएको संस्थाले छोटो समयमा नै पुनः स्थायित्व र गतिशीलता प्राप्त गऱ्यो। सुरूवाती रू. ६५ हजार शेयर पूँजी र २५ जना शेयर सदस्यबाट सुरू भएको यो सहकार्य अहिले साढे ६ अर्ब रूपैयाँभन्दा बढी कारोबारको स्तरमा पुगेको छ ।

९० हजारभन्दा बढी सदस्य, ४२ शाखा कार्यालय, ८ सहकारी पसल (आउटलेट) र ३०० भन्दा बढी कर्मचारी – यी सबै उपलब्धिहरू केवल आँकडा होइनन्, तीन दशकको निरन्तर प्रयास र समर्पणको प्रतीक हुन् ।

संस्थाका प्रमुख व्यवसायिक आयामहरु

संस्थाले सदस्य सेवामा तीन मुख्य व्यवसायिक आयामहरूबाट योगदान पुऱ्याउँदै आएको छ –

- वित्तीय व्यवसाय : बचत संकलन, ऋण प्रवाह, तथा वित्तीय पहुँच विस्तारका माध्यमबाट सदस्यको आर्थिक आवश्यकतामा साथ ।
- कृषि प्रवर्द्धन व्यवसाय : किसानलाई बीउ-बिजन, कृषि तालिम, प्रविधि र बजारिकरणमा सहयोग प्रदान गर्दै उत्पादनमुखी सहकारिता अभ्यास ।
- सहकारी पसल (मार्ट) व्यवसाय : सदस्य र समुदायका लागि उपभोग्य सामग्री, स्थानीय उत्पादन र बजारिकरणको संयोजन ।

यी तिनै व्यवसायहरूले संस्थाको स्थायित्व मात्र होइन, सदस्यको जीवनमा प्रत्यक्ष प्रभाव पारेका छन् ।

सदस्य संरक्षण र सामाजिक उत्तरदायित्व

संस्था केवल आर्थिक लेनदेनमा सीमित छैन । यो समुदायको भावनासँग जोडिएको संस्था हो । सदस्यको जीवनका हरेक चरणमा सहकार्य र साथ रहने उद्देश्यले "किसान–कोप" नामक सामाजिक सुरक्षा कार्यक्रम सञ्चालनमा छ । यस कार्यक्रम अन्तर्गत –

- नवजात शिशुको जन्ममा आमालाई सुत्केरी स्याहार खर्च र शिशुको नाममा बिरूवा रोप्ने अभियान,
- ऋणी सदस्य र अभिभावकको निधनमा ऋण मिनाहा र काजक्रिया खर्च,
- दैवी विपत्ति तथा प्राकृतिक प्रकोपमा राहत सहयोग,
- सदस्यका सन्तानलाई उत्कृष्ट शैक्षिक उपलब्धिमा छात्रवृत्ति र प्रोत्साहन,
- पर्यावरण संरक्षण, वित्तीय सचेतना, नवीकरणीय ऊर्जा र सामाजिक उद्यमशीलता प्रवर्द्धनका कार्यक्रमहरू निरन्तर सञ्चालनमा छन् ।

यी सबै प्रयासहरूले संस्था र समुदायबीचको सम्बन्धलाई अझ गाढा बनाएको छ ।

सुशासन, पारदर्शिता र उत्तरदायित्व

संस्थाको दिगोपनको आधार सुशासन हो । त्यसैले संस्थाले वित्तीय अनुशासन र पारदर्शिता कायम गर्न स्पष्ट नीति तथा कार्यविधि निर्माण गरेको छ। लेखा सुपरिवेक्षण समिति, आन्तरिक लेखा प्रणाली र कर्मचारी संयन्त्र सक्रिय छन्। नीति कार्यान्वयनको अनुगमन र मूल्याङ्कनलाई प्राथमिकता दिइएको छ, जसले संस्थालाई उत्तरदायी बनाएको छ ।

वित्तीय स्थिति र उपलब्धि

संस्थाको हालको वित्तीय अवस्थाको कुरा गर्दा पछिल्लो आर्थिक वर्ष २०८१-०८२ सम्ममा कुल कारोबार करिब ६ अर्ब रहेको छ । त्यस्तै शेयर पुँजी ५० करोड र जगेडाकोष ७१ करोड गरी कुल पुँजीकोष ११३ करोड रहेको छ । त्यसैगरी सदस्यलाई लगानीमा रहेको कर्जा रकम करिब ५ अर्ब छ भने सदस्यबाट संकलन भएको बचत पौने ५ अर्ब रहेको छ । यी उपलब्धिहरूले संस्थाको आर्थिक सबलता र सदस्यको विश्वास दुवैलाई प्रतिबिम्बित गर्छन् ।

सदस्य जीवनस्तरमा परिवर्तन

संस्थाको वित्तीय तथा गैरवित्तीय सेवाको पहुँच सबै सदस्यसम्म पुगेको छ । हाम्रो संस्थाका गतिविधिहरूले सदस्यको जीवनस्तरमा आर्थिक सुदृढीकरण, सामाजिक सशक्तीकरण र उद्यमशीलता विकासमा उल्लेखनीय योगदान पुऱ्याएको छ । गरिब, विपन्न, फरक क्षमताका व्यक्ति तथा एकल महिलाको सहभागिता सुनिश्चित गर्न संस्थाले समावेशी नीति अपनाएको छ । उद्यमशीलता तालिम र स्थानीय उत्पादनको बजारीकरणका कारण सदस्यहरू स्वावलम्बी र आत्मनिर्भर बन्दै गएका छन् ।

भविष्य दृष्टिकोण

अबको दशक संस्थाको गुणात्मक रूपान्तरणको दशक हुनेछ। डिजिटल प्रविधि, हरित वित्त (Green Finance), नविकरणीय ऊर्जा, कृषि व्यवसाय र उद्यमशीलतामा आधारित सहकारिता अभ्यास गर्दै हामी दिगो सहकारी अर्थतन्त्र निर्माणको दिशामा अघि बढ्ने संकल्प लिएका छौं । संस्थालाई सदस्यको भरोसा, कर्मचारीको इमान्दारी र सञ्चालकको दूरदृष्टिले अझ मजबुत बनाउँदै लैजाने छौं ।

अन्त्यमा

तीन दशकको यात्रा केवल समयको कथा होइन — यो हाम्रो प्रतिबद्धता, हाम्रो परिश्रम र हाम्रो साझा पहिचानको गाथा हो । आज यो संस्था देशकै अग्रणी सहकारीका रूपमा स्थापित हुन सफल भएको छ । यसको श्रेय सदस्यहरूको विश्वास, सञ्चालक समितिको नेतृत्व, र कर्मचारीहरूको निष्ठा र समर्पणलाई जान्छ ।

हामी सबैले यो गौरवशाली सहकार्यलाई अझ सबल, सक्षम र उदाहरणीय सहकारी बनाउने प्रण लिएका छौं । सबै सदस्य, सञ्चालक, कर्मचारी र शुभेच्छुकहरूमा हार्दिक धन्यवाद प्रकट गर्दै, आगामी दिनमा पनि यही सहकार्य र समर्पणको श्रृंखला निरन्तर रहोस् भन्ने कामना गर्दछु ।

मुरी मुरी धन्यवाद । जय सहकारी । जय किसान-कोप । ❑❑

किसान बहुउद्देश्यीय सहकारी संस्थाको स्थापना देखि हाल (२०८२ असार) सम्मको केहि वित्तिय विवरण

क्र.स	विवरण	शाखा संख्या	कर्मचारी	सदस्य संख्या	कुल बचत रू.	लगानीमा बाँकी ऋण रू.	खुद नाफा रू	शेयर पुजी
१	बि.स. २०५२	1	1	27	0	0	0	36600
२	बि.स. २०५३	1	1	27	0	0	0	36600
३	बि.स. २०५४	1	1	32	0	0	0	60600
४	बि.स. २०५५	1	8	552	1789110	3376442	20545	1362600
५	बि.स. २०५६	1	9	620	4169495	4780561	154061	1718375
६	बि.स. २०५७	2	22	741	7935596	8291825	229078	2144057
७	बि.स. २०५८	2	22	981	6571139	9591025	98439	2448500
८	बि.स. २०५९	2	12	1052	5859349	9017604	18433	2980800
९	बि.स. २०६०	2	12	1092	4349711	5693106	194173	3004800
१०	बि.स. २०६१	2	12	1087	5650393	5928621	-121652	3026500
११	बि.स. २०६२	2	12	1104	7307346	8616848	-475559	3070200
१२	बि.स.२०६२	2	12	1200	11715118	11259532	84764	3161100
१३	बि.स. २०६४	3	14	1290	27034939	26441113	628080	3993300
१४	बि.स. २०६५	3	16	1676	46703146	49567610	1008791	5484300
१५	बि.स. २०६६	3	18	1987	65844623	71985347	2820127	7200600
१६	बि.स. २०६७	3	25	3700	85201696	113296651	5305548	10734300
१७	बि.स. २०६८	3	43	9700	122023690	151253611	8455666	16277800
१८	बि.स. २०६९	5	60	12974	169191635	203292980	12338581	22317100
१९	बि.स. २०७०	8	73	16543	215794212	331868792	18976671	30655000
२०	वि.स. २०७१	10	96	24532	300626309	549662614	31132672	39839000
२१	बि.स. २०७२	15	116	30864	387632555	844955404	31135538	49573600
२२	बि.स. २०७३	15	123	38031	583883586	1104397644	56398205	60376400
२३	बि.स. २०७४	21	150	41885	814145401	1482138337	69868453	69491500
२४	बि.स. २०७५	21	157	50300	788082760	1880121277	73551983	84492400
२५	बि.स. २०७६	21	165	53123	1502205984	2498881225	80193778	104679405
२६	बि.स. २०७७	21	178	55407	2038161324	2778206940	88490083	123943625
२७	बि.स. २०७८	27	183	58306	2514678020	3513541778	137325902	189017600
२८	बि.स. २०७९	41	288	75073	2878258494	4221956468	102283201	312452300
२९	बि.स. २०८०	41	291	78682	3227503659	4124013490	133142963	399823200
३०	बि.स. २०८१	41	295	85995	3967310048	4831542721	79459076	458121000
३१	बि.स. २०८२	40	307	89761	4659766698	4948053817	142434644	504309600

सामाजिक व्यवसाय र सहकारी: दिगो विकासको साझा यात्रा

"बङ्गलादेशको Grameen Bank ले सामाजिक व्यवसाय अवधारणा मार्फत लाखौं गरिब परिवारलाई ऋण र उद्यमशीलता अवसर प्रदान गरेको छ । भारतको Amul Cooperative ले किसानलाई उत्पादन, प्रशोधन, र बजार सशक्त बनाउँदै सहकारी-सामाजिक व्यवसाय मोडेलको उत्कृष्ट उदाहरण प्रस्तुत गरेको छ।"

सरोज कुमार शाह
सञ्चालक सदस्य

भूमिका

विश्व आर्थिक संरचनामा तीव्र परिवर्तन, बेरोजगारी, जलवायु संकट, र सामाजिक असमानताका समस्या तीव्र बन्दै जाँदा सामाजिक व्यवसाय (Social Business) एउटा सशक्त विकल्पका रूपमा उदाइरहेको छ । यसको मूल उद्देश्य नाफा कमाउनु होइन, समस्या समाधान गर्नु हो । सामाजिक मूल्य सृजनासँगै आर्थिक दिगोपन कायम राख्ने यो अवधारणाले सहकारी र वित्तीय संस्थालाई नयाँ दिशातर्फ डोऱ्याइरहेको छ । नेपालमा सहकारी आन्दोलन स्वयं एक सामाजिक र आर्थिक रूपान्तरणको माध्यम हो । सहकारी संस्थामा सामाजिक व्यवसायको दृष्टिकोण समावेश गर्दा यो क्षेत्र अझ समावेशी, पारदर्शी, दिगो र आत्मनिर्भर बन्न सक्छ ।

सामाजिक व्यवसायको अवधारणा

सामाजिक व्यवसायको परिकल्पना नोबेल पुरस्कार विजेता प्रो. मुहम्मद युनुसले गरेका हुन् । उहाँका अनुसार : "Social Business is a business to solve social problems, not to make personal profit"- यसको अर्थ, यस्तो व्यवसाय जसले सामाजिक समस्या समाधान गर्छ, कारोबारबाट प्राप्त नाफा संस्थाको दिगोपनमा प्रयोग गर्छ, तर व्यक्तिगत लाभ वितरण गर्दैन त्यस्तो व्यवसाय सामाजिक व्यवसाय हो । सामाजिक व्यवसाय नाफामुखी व्यवसाय र दानमुखी संस्थाबीचको मध्य मार्ग हो, जसले सामाजिक प्रभावसहित आर्थिक दिगोपन सुनिश्चित गर्छ । विश्वभरका धेरै संस्थाहरू जस्तै : बंगलादेशको ग्रामिण बैक, भारतको अमूल सहकारी र स्पेनको मोनड्र्यागन सहकारीले सामाजिक व्यवसायको सिद्धान्त अपनाएर समुदायमा दिगो परिवर्तन ल्याएका छन् ।

सहकारी संस्थामा सामाजिक व्यवसायको आवश्यकता

नेपालका सहकारीहरूले कृषक, साना उद्यमी, महिला, युवा लगायत आर्थिक रूपमा कमजोर र विपन्न समुदायमा सेवाको पहुँच विस्तार गरेका छन् । तर धेरै सहकारीहरू अझै पारम्परिक बचत–ऋण प्रणालीमै सीमित छन् । सामाजिक व्यवसायको समावेशले निम्न कार्यहरूमार्फत सामाजिक सुधारहरू ल्याउन सक्छः

- **सामाजिक उद्देश्यमा केन्द्रित लगानी** – गरिबी निवारण, रोजगारी सिर्जना, शिक्षाको पहुँच, नवीकरणीय ऊर्जा, वातावरणीय संरक्षण ।
- **स्थानीय उत्पादनको बजार विस्तार** – सहकारीमार्फत किसानका उत्पादनहरूलाई मूल्य अभिवृद्धि गर्दै स्थानीय बजार र डिजिटल प्लेटफर्ममा बिक्री ।
- **नवीन वित्तीय सेवाहरु** – महिला र युवा उद्यमीका लागि माइक्रो-इन्भेष्टमेन्ट, इम्प्याक्ट फण्ड, 3Z (Zero Poverty, Zero Unemployment, Zero Net Carbon) मोडलको प्रवर्धन ।
- **सदस्य–केन्द्रित सञ्चालन** – सदस्यका जीवनस्तरमा सीधा सुधार ल्याउन सकिने कार्यक्रमहरू, जस्तै : स्वास्थ्य बीमा, तालिम, र सामाजिक सुरक्षामा लगानी ।
- **थ्रि जिरो क्लब निर्माण** – युवाहरूलाई सामाजिक व्यवसाय र हरित उद्यमशीलतामा संलग्न ।
- **विश्वसनीयता र पारदर्शिता** – सामाजिक सूचकहरूमा आधारित प्रतिवेदन र प्रभाव मापन (Social Impact Assessment) को अभ्यासले सहकारीलाई उत्तरदायी बनाउँछ ।

किसान बहुउद्देश्यीय सहकारी संस्थाको अभ्यास र भावि दृष्टिकोण

- **रासायनिकमुक्त कृषि प्रवर्द्धनः**
  - ☞ सदस्य किसानहरूलाई जैविक मल, स्थानीय बीउ, र दिगो कृषि प्रविधि उपलब्ध गराउने ।
  - ☞ रासायनिक मल तथा विषादीको प्रयोगलाई निरूत्साहित गर्दै स्वस्थ र वातावरणमैत्री कृषि उत्पादन लाई प्राथमिकता दिने ।
- **नवीकरणीय ऊर्जामा लगानीः**
  - ☞ सौर्य ऊर्जा (Solar) र बायोग्यास जस्ता नवीकरणीय ऊर्जा प्रणालीमा लगानी गर्ने र त्यसको प्रयोगलाई कृषि तथा घरायसी कार्यहरूमा बढावा दिने ।
  - ☞ यसबाट किसानको उत्पादन लागत घटाउने र कार्बन उत्सर्जन कम गर्ने लक्ष्य राख्ने।
- **सचेतना र क्षमता अभिवृद्धिः**
  - ☞ सदस्य तथा समुदायका लागि वातावरणीय शिक्षा, लैङ्गिक समानता, वित्तीय साक्षरता, र जलवायु परिवर्तन अनुकूलन सम्बन्धी नियमित तालिम तथा सचेतना कार्यक्रमहरू सञ्चालन गर्ने ।

- 3 Zero Club **को निर्माण र परिचालन**:
  - ☞ स्थानीय युवाहरूलाई संगठित गरी '3Zero Club' को स्थापना गर्ने ।
  - ☞ यी क्लबहरूलाई सामाजिक व्यवसाय (Social Business) र हरित उद्यमशीलता (Green Entrepreneurship) मा संलग्न गराउने ।

थ्रि जिरो अवधारणासँग सहकारीको अपेक्षित भूमिका

सहकारीले 3Zero अवधारणालाई मूलधारमा ल्याएर आफ्नो भूमिकालाई निम्न अनुसार विस्तार गर्न सकिन्छ:

- **युवा र सहकारीको सहकार्य**: स्थानीय तहमा युवाद्वारा सञ्चालित 3Zero Club हरूले सहकारी सँग घनिष्ठ सहकार्य गर्छन् । उनीहरूले संयुक्त रूपमा Zero Waste Market (शून्य फोहोर बजार), Green Finance (हरित वित्त), र Youth Entrepreneurship Campaign (युवा उद्यमशीलता अभियान) जस्ता नवीन परियोजनाहरू सञ्चालन गर्न् ।
- **सहकारीको रुपान्तरण**: यो मोडेलले सहकारीलाई केवल ऋण र बचत प्रदान गर्ने संस्थाको रूपमा मात्र नभई सामाजिक व्यवसायको इन्क्यूबेटर, जलवायु समाधानको केन्द्र, र दिगो विकासको मुख्य संवाहकको रूपमा पुनःपरिभाषित गर्न सहयोग पुऱ्याउने छ । सहकारीले सदस्यहरूलाई आर्थिक लाभ सँगसँगै सामाजिक न्याय र वातावरणीय सुरक्षा सुनिश्चित गर्न नेतृत्व लिनुपर्छ ।

सहकारी संस्थामा सामाजिक व्यवसायको भूमिका

सहकारी संस्थाहरूले अब केवल ऋण र नाफाको गणना मात्र होइन, सामाजिक उत्तरदायित्व पनि बुझेका छन् । सामाजिक व्यवसायले वित्तीय संस्थाको भूमिकालाई तीन प्रमुख पक्षमा रूपान्तरण गर्न सक्छ:

- **इम्प्याक्ट फाइनान्सिङ** (Impact Financing) – सामाजिक र वातावरणीय प्रभाव हुने परियोजनामा लगानी, जस्तै, नवीकरणीय ऊर्जा र हरित कृषि प्रवर्द्धनका लागि सस्तो ऋण प्रवाह ।
- **सामाजिक उद्यमशीलता प्रवर्द्धन** – नवप्रवर्तनशील युवाहरूका उद्यमलाई वित्तीय सहयोग र बिजनेस इन्क्युबेसन सेवा । नेपालका धेरै सहकारीहरूले अहिले युवाहरूलाई कृषि-टेक्नोलोजीमा आधारित स्टार्टअपमा लगानी गर्न थालेका छन् ।
- **हरित र नवीकरणीय परियोजनामा लगानी** – सौर्य ऊर्जा, जैविक कृषि, अपशिष्ट व्यवस्थापन, र जल संरक्षण जस्ता परियोजनामा लगानी बढाउने । यस्ता लगानीहरूले सहकारीलाई दिगो विकासका लक्ष्यहरू (SDGs) सँग जोड्छ ।

सहकारी र सामाजिक व्यवसायको सहकार्य मोडेल

- सामाजिक व्यवसायलाई सहकारीमा एकीकृत गर्न निम्न व्यावहारिक मोडेलहरू प्रयोग गर्न सकिन्छः
- **Hybrid Cooperative Model** – सहकारी संरचनामा सामाजिक उद्यम स्थापना गरी नाफा पुनः समाजमै लगानी गर्ने।
- **3Z Strategy (Three Zero Strategy)** – Zero Poverty, Zero Unemployment, Zero Net Carbon लाई सहकारीको दीर्घकालीन नीति बनाउने । यस रणनीतिले सहकारीलाई जलवायु सचेत र दिगो उद्यममा रूपान्तरण गर्छ।
- **Social Business Fund** – सदस्यको योगदान र सहकारीको मुनाफाबाट अलग कोष सिर्जना गरी सामाजिक उद्देश्यमा लगानी गर्ने । यो कोषबाट विद्यालय सुधार, सीप तालिम, र महिला सशक्तीकरणका परियोजना सञ्चालन गर्न सकिन्छ ।
- **Partnership Model** – सहकारी र स्थानीय सरकार, NGO, वा निजी क्षेत्रबीच सहकार्य गर्दै सामुदायिक विकास परियोजना सञ्चालन गर्ने । उदाहरणका लागि, स्थानीय सरकारसँग सहकार्य गरेर सहकारीले निःशुल्क स्वास्थ्य शिविर र शिक्षा कार्यक्रम सञ्चालन गर्न सक्छ ।

नीति तथा कानुनी सन्दर्भ

राष्ट्रिय सहकारी नीति २०७५ ले सहकारीलाई सामाजिक र आर्थिक दिगोपनको माध्यमका रूपमा परिभाषित गरेको छ । नीतिले सहकारी मार्फत महिला, युवा, र सीमान्तकृत समुदाय लक्षित सीप विकास र उद्यमशीलता प्रवर्द्धन कार्यक्रम सञ्चालन गर्न प्रोत्साहित गरेको छ ।

अन्तर्राष्ट्रिय दृष्टिकोण

- बङ्गलादेशको Grameen Bank ले सामाजिक व्यवसाय अवधारणा मार्फत लाखौं गरिब परिवारलाई ऋण र उद्यमशीलता अवसर प्रदान गरेको छ । भारतको Amul Dairy Cooperative ले किसानलाई उत्पादन, प्रशोधन, र बजारमा सशक्त बनाउँदै सहकारी-सामाजिक व्यवसाय मोडेलको उत्कृष्ट उदाहरण प्रस्तुत गरेको छ । यी मोडेलहरूले देखाउँछन् कि सहकारीले जब सामाजिक उद्देश्यलाई आफ्नो आर्थिक ढाँचासँग जोड्छ, त्यसले समाजमा गहिरो र स्थायी परिवर्तन ल्याउन सक्छ ।

सामाजिक व्यवसायबाट सहकारीका लागि लाभ

- संस्थाको सामाजिक विश्वसनीयता र सदस्य सन्तुष्टि बढाउँछ ।
- दीर्घकालीन आर्थिक स्थायित्व र सामाजिक प्रभाव सुनिश्चित गर्छ ।

- युवा पुस्तालाई आकर्षित गर्दै सहकारीलाई नवप्रवर्तनशील बनाउँछ ।
- सरकारी तथा अन्तर्राष्ट्रिय साझेदारीका अवसरहरू वृद्धि गर्छ ।
- दिगो विकासका १, ८ र १३ नम्बर लक्ष्यहरू क्रमशः गरिबी निवारण, सम्मानपूर्ण काम, आर्थिक विकास र जलवायु क्रियाशिलतामा सहकारी मार्फत सीधा योगदान पुर्‍याउँछ ।

निष्कर्ष

सहकारी संस्था केवल आर्थिक एकाइ होइन, यो समुदायको साझा सपना हो । यदि सहकारीले सामाजिक व्यवसायको सिद्धान्तलाई आत्मसाथ गर्न सके, त्यो सहकारी केवल ऋण वितरणको संस्था होइन, समाज रूपान्तरणको शक्ति बन्न सक्छ । सहकारी र वित्तीय संस्थाको भविष्य अब सामाजिक उत्तरदायित्व, पारदर्शिता, नवप्रवर्तन र दिगोपनमा टिकेको छ । त्यसैले, सहकारीहरूलाई सामाजिक व्यवसायको दर्शन र अभ्यास दुवै आत्मसाथ गर्न अब विलम्ब गर्नु हुँदैन ।

किसान बहुउद्देश्यीय सहकारी जस्ता संस्थाहरूले सामाजिक व्यवसाय (Social Business) र सहकारीका आधारभूत मूल्य–मान्यता (Cooperative Values) बीच वास्तवमै उत्कृष्ट संयोजन प्रस्तुत गरेको छ, जसले दिगो विकास (Sustainable Development), सामाजिक न्याय (Social Justice) र हरित अर्थतन्त्र (Green Economy) मा नेपालको सहकारी आन्दोलनको प्रभावलाई दिगो विकासका दिशामा अघि बढाएको छ । सहकारीमा सामाजिक व्यवसायको एकीकरणले आर्थिक सशक्तिकरण र सामाजिक न्याय दुवैलाई सन्तुलनमा ल्याउने, र दिगो नेपालको मार्ग प्रशस्त गर्नेछ ।

धन्यवाद । जय सहकारी । जय किसान ।

(लेखक किसान बहुउद्देश्यीय सहकारी संस्थाका सञ्चालक समिति सदस्य एवं शिक्षा तथा तालिम उपसमिति संयोजक हुनुहुन्छ ।)

❑❑

“सहकारीको साझा बल - समस्याको सामुहिक हल”

केरा खेतीमा रमाएका दम्पती

दुबईबाट फर्किएका गाउँमै सफल उद्यमी

भविष्यका लागि अनगिन्ती सपना देख्ने र ती सपना पूरा गर्न देश छोड्नुपर्ने बाध्यता आज हरेक नेपाली युवाको साझा नियति बनिसकेको छ । उमेर परिपक्व हुँदै जाँदा परदेशिनुको विवशता, परिवार र मातृभूमिप्रतिको माया भन्दा पनि बलियो बन्दै गएको छ । सुदूरपश्चिमका धेरै युवाहरुका लागि भारत कहिल्यै “पहिलो गन्तव्य” थियो । तर अहिले विश्वका कुनाकुनासम्म उनीहरुको पाइला पुगेका छन् – कसैको जिवन त्यहींको परिवेशमा ढल्छ, कसैको गति त्यहीं रोकिन्छ, र थोरै मात्र युवाहरुले जिवनको दिशा फेरि देशतिर फर्काउने साहस गर्छन् । यस्तै युवामध्ये एक प्रतिनिधि पात्र हुन् – कैलालीको टीकापुर–५ निवासी सुरत भण्डारी, जो परदेशी जीवनका अनुभवलाई प्रेरणा बनाएर आफ्नै माटोमा उद्यमशीलताको नयाँ अध्याय लेखिरहेका छन् । सहकारीको साथ, परिवारको सहयोग, दृढ इच्छाशक्ति र अथक परिश्रमले उनी अहिले आत्मनिर्भर र प्रेरणादायी उद्यमी बनेका छन् ।

दुबईमा महिनामा करिब ४५ हजार रूपैयाँ कमाउने सुरत भण्डारी अहिले गाउँमै केराखेती गरेर त्यसभन्दा धेरै आम्दानी गर्न सफल भएका छन् । चार वर्षसम्म दुबईमा काम गरेर फर्केका सुदूरपश्चिम प्रदेश, कैलाली, टीकापुर ५ का सुरतले अहिले आफ्नै गाउँमा करिब तीन बिघा जग्गामा केराखेती गर्दै परिवारको मुख्य आम्दानीको स्रोत स्थापित गर्न सफल भएका छन् ।

१६ जनाको परिवार आज सुरतको मेहनत र कृषि उद्यममै निर्भर छ । दुई वर्षअघि उनले आफनै १६ कट्ठा जग्गामा २२ हजार रूपैयाँ लगानी गरी केराखेती सुरू गरेका थिए। सुरूवाती सफलता देखेपछि उनले खेती विस्तार गर्ने सोच बनाए ।

सुरतकी श्रीमती पवन शाह भण्डारी किसान बहुउद्देश्यीय सहकारी संस्थाकी सदस्य हुन् । नियमित बचत गरिरहेकी पवनले श्रीमानको उद्यममा सम्भावना देखेपछि सहकारीबाट ऋण लिन सल्लाह दिइन् । सोही ऋणका भरमा १ बिघा जग्गा भाडामा लिएर खेती विस्तार भयो। अहिले १ बिघा १६ कट्ठा क्षेत्रफलमा केराखेती फस्टाइरहेको छ ।

सुरतका अनुसार, हाल केराखेतीबाट वार्षिक करिब ६ लाख रूपैयाँसम्म आम्दानी हुने गर्छ । केरासँगै घरमा रहेका दुई भैसी र केही बाख्राबाट थप आम्दानी हुने गरेको छ । दुध बिक्री र गोबरमलको प्रयोगले खेतीलाई थप उत्पादनशील बनाएको छ । केराको पात र बोट पनि चाराको रूपमा उपयोग हुन्छ, जसले पशुपालन खर्च घटाउँछ ।

सुरत भन्छन् – "केराखेती सुरू गर्दा खासै ज्ञान थिएन, तर काम गर्दै जाँदा धेरै कुरा सिकिँदो रहेछ। सुरूमा १५ कट्ठामा परीक्षण गरेँ, राम्रो नतिजा पाएँ, अब अझ विस्तार गर्ने सोचमा छु।" उनीहरूको भनाइमा, केराखेती सजिलो छैन । समयमै गोडमेल, सिंचाइ, टिपाइ र बजारसम्म पुऱ्याउने सबै काम आफैंले गर्नुपर्छ। मजदुरी बढ्दा लागत बढ्ने भएकाले सुरत र पवन दुवै बिहानदेखि बेलुकीसम्म खेतमै खटिन्छन् । "बिहान ४ बजे उठेर भैसीको चारो तयार पार्छु, त्यसपछि केराबारीको काम सुरू हुन्छ," – सुरत मुस्कुराउँदै भन्छन् ।

दुबईमा उनले गोदाममा लोड–अनलोडको कठोर काम गर्थे। "तातो मौसम, दिनरातको थकाइ, महिनामा ४० हजारको कमाइ – सन्तोष त थियो तर भविष्य अन्धकार जस्तो लाग्थ्यो," – उनले सम्झिए । त्यही बेला उनका जेठा दाइ अमेरिकाको डिभीमा चयन भए र परिवारको जिम्मेवारी सुरतलाई सुम्पिए। अनिच्छा हुँदाहुँदै पनि उनी नेपाल फर्किए। गाउँ फर्किएपछि केही समय अन्योलमा बित्यो। तर, नजिकैका केरा किसान मोहन दाइबाट प्रेरणा पाएपछि उनले केरा खेती सुरू गरे – सानो लगानी र ठूलो हौसला लिएर। आज उनी गर्वका साथ भन्छन् – "पहिले सोच्थेँ दुबईमै सेटल हुन्छु, अहिले बुझें – आफ्नै गाउँ र माटोमा रमाउन पाउनु नै वास्तविक सुख रहेछ ।"

सफलता देखिँदै गए पनि सुरत र पवनका लागि सबैभन्दा ठूलो चुनौती भने केराको मूल्य अस्थिरता हो। गत वर्ष बारीबाट दर्जनको ४० रूपैयाँ मा बेचेका केरा अहिले ३० रूपैयाँमा पनि बेच्न गाह्रो भइरहेको छ । "हामी किसानले पाउने मूल्य घटेको छ, तर उपभोक्ताले तिर्ने मूल्य बढेको छ," – उनीहरू भन्छन् – "यदि सहकारी र सरकार मिलेर बिचौलियाको नियन्त्रण गरी किसानको उत्पादन सिधै उपभोक्तासम्म पुऱ्याउने व्यवस्था गर्न सके, सबैका लागि फाइदा हुनेछ ।"

सुरत र पवन शाहको जीवनकथा परदेशी युवाका लागि सन्देश हो – अवसर परदेशमै होइन, आफ्नै गाउँको माटोमा पनि लुकेको हुन्छ ।

सहकारीको सहारा, परिवारको साथ र आफ्नै मेहनतले उनीहरू अहिले आत्मनिर्भर किसान बनेका छन् ।

❑❑

असफलता देखेर सफल भएकी आशाकली

अरुको सफलताबाट प्रेरित भई सफल बन्ने चाहना धेरैको हुन्छ, तर सफलताको बाटो चाहना मात्रले खुल्दैन। त्यसका लागि चाहिन्छ – संघर्ष, धैर्यता र निरन्तर प्रयास । असफलता पनि सिकाइको ठूलो विद्यालय हो । यस्तै असफलताबाट सिक्दै उठेकी एक प्रेरणादायी महिला हुन् – किसान बहुउद्देश्यीय सहकारी संस्थाकी सदस्य आशाकली चौधरी ।

बर्दिया जिल्लाको राजापुर नगरपालिका-४ शान्तिपुरकी आशाकलीले आज आफ्नो परिवारसहित चारवटा व्यवसायमा सफलता हात पारेकी छन् – टेलरिङ्ग, किराना पसल, बाख्रा पालन र भैसी पालन । तर यो सफलता सहजै आएको होइन; यो त असफलताको खरानीबाट उम्रिएको आशाको अंकुर हो ।

जेठानीको असफलताबाट जन्मिएको सपना

आशाकलीको परिवारमा पहिलोपटक टेलरिङ्ग व्यवसाय सुरू गर्ने व्यक्ति थिइन् – उनकी जेठानी । गाउँका सबै कपडा जेठानीकै हातबाट सिलिन्थे, उनको कामको चर्चा चारैतिर फैलिएको थियो । तर, सात वर्षअघि उनीहरूको व्यवसाय एकाएक चौपट भयो । ग्राहक घटे, काम बन्द भयो, र व्यवसाय पनि अन्त्य भयो । त्यो असफलता नजिकबाट हेर्दै गर्दा आशाकलीले सोचेकी थिइन् – "यो काम असफल भए पनि गलत व्यवसाय होइन, सफल बनाउन सकिन्छ ।" त्यस क्षणबाट उनको मनमा उद्यमशीलताको बीउ रोपियो ।

सरकारी जागिरको सपना र जीवनको कठोर पाठ

१२ कक्षा पास गरेकी आशाकलीको विवाह राजापुरकै मिनराज चौधरीसँग भयो । श्रीमान नेपाल आर्मीमा जागिरे थिए, र उनी स्वयं शिक्षण पेशामा प्रवेश गर्ने सपना बुन्दै थिइन् । स्थानिय विद्यालयमा पढाउने क्रममा जागिरको तयारी गर्थिन्, तर घरको वातावरणले त्यति साथ दिएन । अन्ततः उनी नेपालगन्ज पुगिन्, जागिर खोज्न र भविष्य बनाउने सपनासहित । तर त्यहाँ जीवन झन कठिन बन्यो – "१० रूपैयाँको पोलेको मकै खान मन लाग्थ्यो, तर त्यो पनि किन्ने पैसा हुन्नथ्यो," उनी सम्झिन्छिन्, "श्रीमानको ८ हजार तलबले घरभाडा र छाक जोहो गर्नै गाह्रो थियो ।" त्यो समयलाई उनी आफ्नो जीवनकै "सबैभन्दा कहालीलाग्दो" चरण भन्छिन् ।

गाउँ फर्केर नयाँ सुरुवात

समयले उनलाई फेरि गाउँ फर्कायो। परिवार बिखरिएको थियो, घर भताभुँग। हुलाकी राजमार्ग छेउको एक कट्ठा जग्गामा उनले सानो झुपडी बनाएर नयाँ जीवन सुरू गरिन् । जागिरको सपना भत्किएको थियो, तर जीवनलाई नयाँ अर्थ दिनुपर्ने जिम्मेवारी बाँकी थियो । त्यसै बेला उनलाई सम्झना भयो – जेठानीले कुनै समय गरेको टेलरिङ व्यवसायको । मनभित्र अठोट जन्मियो – "त्यो व्यवसाय म गर्छु, र म सफल भएरै छोड्छु ।" त्यस क्षणबाट आशाकलीको नयाँ यात्रा सुरू भयो।

सिपको खोजी र संघर्षको यात्रा

टेलरिङ्गको सिप नभएकी आशाकलीका लागि सुरूको बाटो सजिलो थिएन। बिहान तीन घण्टा र बेलुका तीन घण्टा गरेर छिमेकीलाई छोरा सुम्पेर ६ महिनासम्म निरन्तर सिप प्रशिक्षण लिइन्। श्रीमानको साथ र परिवारको हौसलाले उनलाई अघि बढायो । "सोच्ने हो भने सबै कुरा असम्भव लाग्छ, तर गर्न थालेपछि सम्भव हुँदै जान्छ," जेठानीको असफलताबाट आफुले सिकेको मुख्य पाठ बारे उनी भन्छिन् – "व्यवसाय असफल हुनुको कारण सिपको कमी मात्र होइन, जिम्मेवारीको पनि कमी हो ।"

नवप्रवर्तनको सुरुवात "सिक्दै कमाउने" मोडेल

सिप आर्जन गरेपछि उनले नयाँ सोच ल्याइन् । सिक्दै कमाउने मोडेल (Learn & Earn) जो जो महिला सिलाई मेशिनसहित आउँछन्, उनीहरूलाई सिक्दै कपडा सिलाउने अवसर दिइन्छ । सुरूवातमा ८ जना किशोरीहरू सामेल भए। सहकारीबाट लिएको ५० हजार ऋण र एउटा इन्टरलक मेशिनसहित उनले व्यवसाय सुरू गरिन् । अब टेलरिङ्ग सेन्टरमा ग्राहकका कपडा पनि सिलाइन्थ्यो, सिकाइ पनि हुन्थ्यो । आशाकलीले

सिकाउने शुल्क थोरै मात्र लिइन्, बाँकी आम्दानी सिकारूहरूले पाउँथे । आज उनको सेन्टरबाट वार्षिक ५ देखि ७ लाखसम्मको कारोबार हुन्छ ।

परिवार, सम्मान र आत्मनिर्भरता

आशाकलीले आफ्नै आम्दानी र श्रीमानको पेन्सनको सहारामा पक्की घर निर्माण गरिन् । त्यही घरको एक कोठामा सुरू भएको सेन्टर अहिले फराकिलो टहरामा फैलिएको छ । अहिलेसम्म उनले ५० जना भन्दा बढी महिलालाई सिप प्रदान गरिसकेकी छन् । उनकी एक विद्यार्थी काठमाडौंमा फेसन डिजाइनिङ सिक्दै छिन्, अर्को उनकी देउरानी आफ्नै सेन्टर चलाउँदै छिन् । सासु-ससुरा र जेठानी पनि अहिले गर्वले भन्छन् – "पहिले असफल देखिएको काममा आशाकलीले नयाँ जीवन फुकाइन् ।"

कृषि र पशुपालनमा पनि हात

श्रीमान अवकाश पाएपछि आशाकलीले सहकारीको सहयोगमा घरछेउको १ कठ्ठा जग्गा खरिद गरिन् । त्यहाँ अहिले २ भैसी र ८ बाख्रा सहितको फर्म सञ्चालनमा छ । उनी भन्छिन् – "काम जुनसुकै होस्, मिहिनेत नगरी सफलता पाइँदैन ।" अहिले उनि गाउँकै युवतीहरूका लागि प्रेरणाको स्रोत बनेकी छिन् । विद्यालयकी शिक्षिका बन्ने सपना पुरा नभए पनि, आज आशाकली चौधरी सम्पूर्ण समुदायकी उद्यमशील प्रशिक्षक बनेकी छिन् ।

आशाकलीको जीवन दर्शनले भन्छ : "असफलता अन्त्य होइन, नयाँ सुरुवात हो – यदि तपाईंमा दृढ अठोट र सहास छ भने ।"

❑❑

सदस्य साहित्य

क्याहरू तुकन !

आफ्ना त कै घट्ट बास छ क्याहरू तुकन
तुलाई अझै मेरै आश छ क्याहरू तुकन ।

पिरथिको लोकसेवा खुल्यो फारम भरी तुइले
तेउनि तेरी सात्या पास छ क्याहरू तुकन ।

अनिकाल पड्याका बेला तु पुगी टुप्लुक्क
खाना भन्या एक्कै गास छ क्या हरू तुकन ।

पडिआया तेरा लागी परान दिन्या मु हु
तेरा भन्या अर्कै खास छ क्याहरू तुकन ।

मुपन सुच्दोछु राईक्या तुकि आफ्नी बनाउ
क्यै हरेलु सत्यानास छ क्याहरू तुकन ।

✍ राम बहादुर भण्डारी
(सदस्यता नं. ०४२०००११८८१७)

(गजलकार रामारोशन गाउपालीका अछामका प्रमुख प्रशासकिय अधिकृत हुनुहुन्छ ।)

बिराएको उद्यमको बाटो रिक्साले देखायो

पन्ध्र वर्षको अथक मेहनत र आर्जित सिप क्षणभरमै हरायो भने के होला ? न अघि बढ्ने बाटो देखिन्छ, न फर्कने ठाउँ बाँकी रहन्छ । जीवनका सपनाहरु साँघुरा गल्लीमा अड्किन्छन् । तर, दृढ मनोबल र इच्छाशक्ति भए असफलताको अँध्यारो पार गरेर पनि उज्यालो पाइन्छ । यही उदाहरण हुन् – किसान बहुउद्देश्यीय सहकारी संस्थाकी सदस्य जुगमाया चौधरी ।

संघर्षको बाटो

कैलाली जिल्ला, टीकापुर नगरपालिका-७ की जुगमाया चौधरी अहिले विद्युतीय रिक्सा चालक हुन् । रोजगारीका लागि उनले लिएको निर्णय सुरूमा सबैलाई अचम्म लाग्यो – तर आज उनी सोही रिक्साबाट आफ्नो परिवार चलाउँछिन् र भविष्यका लागि बचत पनि गर्छिन् ।

दैनिक १५०० देखि २००० रूपैयाँसम्म कमाउने जुगमायाको जीवन अहिले सन्तुलित र आत्मनिर्भर बनेको छ। पछिल्ला दुई वर्षदेखि उनका श्रीमान सुन्दर चौधरी पनि सोही रिक्सामा पालैपालो यात्रु बोक्छन् ।

रिक्सा खरिदका लागि जुगमायाले किसान बहुउद्देश्यीय सहकारी संस्थाबाट ऋण लिएकी थिइन्। अहिले उनीहरू दुबैको परिश्रमले घरको आर्थिक अवस्था स्थिर बनेको छ ।

ठेकाबाट रिक्सा सम्मको यात्रा

तर यो सहज यात्रा थिएन । जुगमायाका श्रीमान् सुन्दर चौधरीले युवावस्थामा निर्माण व्यवसायबाट आफ्नो जीवन सुरू गरेका थिए । सुरूवातमा सामान्य ज्याला मजदुरी गरेपछि आफैं ठेकेदार बने । १५ वर्षसम्म उनले पसिना बगाएर ९ लाख रूपैयाँ बचत गरे र ठेकाको काम सुरू गरेका हुन् । तर, नियतिले अर्कै खेल देखायो । स्थानीय सरकारको मापदण्डमा नपरेको एक घरको ठेकाका कारण उनलाई मुद्दा खेप्नु पर्‍यो । ठेकादारले दिएको नक्सा बमोजिम घर निर्माण गरे पनि, पछि "नक्सा मैले दिएको होइन" भन्दै साहुले मुद्दा हाले । नतिजा– सुन्दरले सबै निर्माण लागत फिर्ता गर्नुपर्ने भयो । अर्कातर्फ न उठ्न बाँकी रकम उठ्यो, न त कामका औजार बाँकी रहे । साहुले उनको सामान र मोटरसाइकल समेत जफत गरे । १५ वर्षको मेहनत एकै झट्कामा गुम्यो ।

नयाँ सुरुवात

रित्तो हात र भारी मन लिएर उनी घर फर्किए । तर श्रीमती जुगमायाले हिम्मत हारिनन् । उनी भन्थिन्, "पैसा सकिएको हो, सिप त बाँकी छ, हिम्मत राखौं।" त्यसपछि उनी किसान सहकारी पुगिन् र विद्युतीय रिक्सा खरिद गर्न ऋण लिइन् । त्यो निर्णय नै उनीहरूको जीवन मोड्ने Turning Point बन्यो । भत्केको बाटो छोडेर गाडीले पिच बाटो समाते झैं ।

आत्मनिर्भरताको गतिमा

सुन्दर र जुगमाया अहिले पालैपालो रिक्सा चलाउँछन् । सुन्दर बिहान सबेरै उठेर बारीको काम सकेर टीकापुर बजार तिर निस्कन्छन् ।

राति वा दिउँसो — जब ग्राहकको फोन आउँछ, उनी सधैं तयार हुन्छन् । दैनिक ८० किलोमिटर यात्रा गर्दै, उनी गाउँका मानिसलाई सहज यात्रा सुविधा पनि दिइरहेका छन् । उनको भनाइ छ — "१५ वर्ष ठेकामा केहि उन्नति देखिएन, रिक्साले दुई वर्षमै १ कट्ठा जग्गा जोडें र बचत गर्न थालैं।" अहिले उनको परिवार आर्थिक रूपमा स्थिर छ, जीवन सहज बनेको छ ।

नयाँ पुस्ताको तयारी

सुन्दरका छोरा मनोज चौधरी अहिले विद्युतीय रिक्सा मर्मत सम्बन्धी तालिम लिइरहेका छन् । परिवारको अर्को योजना — ग्यारेज खोल्ने र आफ्नै सर्भिस सेन्टर सञ्चालन गर्ने । सुन्दर भन्छन् — "सहकारीको ऋण तिरेपछि फेरि सहकारीकै सहयोगमा ग्यारेजका लागि ऋण लिने योजना बनाएका छौं।"

जुगमाया र सुन्दरको कथा केवल संघर्षको कथा होइन, आशा र पुनर्जागरणको कथा हो । जहाँ असफलता अन्त्य बनेको थियो, त्यहींबाट सुरू भयो नयाँ जीवनको अध्याय ।

सहकारीको साथ, पारिवारिक विश्वास र आत्मबल– यी तिन कुराले ।
एकपटक बिराएको उद्यमको बाटो सहज बनाईदियो – विद्युतीय रिक्साले ॥

❑❑

"सहकारी : साझा पूँजी, साझा प्रगति"

चार व्यवसाय सम्हालेकी राजकुमारी

"सफलता त्यही ठाउँमा फुल्छ जहाँ संघर्ष र समर्पणको माटो उर्बर हुन्छ।" त्रिपालमुनिबाट सुरु भएको जीवन आज पक्की घर, स्थायी व्यवसाय र स्थिर आयमा रुपान्तरित भइसकेको छ। सहकारीको सहयोग, सीपको सदुपयोग र पारिवारिक सहकार्यले कसरी ग्रामीण महिलालाई आत्मनिर्भर र सम्मानित बनाउँछ भन्ने उत्कृष्ट उदाहरण हुन् – कैलालीको भजनी–५, जनकपुरकी किसान बहुउद्देश्यीय सहकारी संस्थाकी उद्यमी सदस्य, राजकुमारी चौधरी।

कैलालीको भजनी नगरपालिका-५, जनकपुरकी राजकुमारी चौधरी आज आफ्नो मेहनत र आत्मविश्वासका कारण गाउँकै मात्र होइन, आसपासका क्षेत्रमा पनि सफल उद्यमीको रूपमा परिचित छिन् । उनले बँगुर फर्म, भैसी फर्म, किराना पसल र माछापालन गरी वार्षिक करिब १० लाख रूपैयाँसम्म आम्दानी गर्छिन् ।

संघर्षदेखि सफलता सम्मको यात्रा



कुनै समय थियो, जब राजकुमारी र उनका श्रीमान् रामकृष्ण चौधरी ऐलानी जग्गामा त्रिपाल टाँगेर बस्न बाध्य थिए । रामकृष्णको परिवार गरीब थियो – उनका बाजे कमैया, बुबा गोठालो र उनी स्वयं अधिया किसान । तर उनीमा शिक्षा र सीपप्रतिको अभिलाषा थियो । स्नातकसम्म अध्ययन गरेका रामकृष्णले विद्युत वायरिङ्ग सीप सिकेर पसल खोले, तर दुर्भाग्यवश पसलमा चोरी भयो र सम्पूर्ण लगानी गुम्यो ।

त्यही कठिन क्षणमा श्रीमती राजकुमारीले हिम्मत गरिन् । उनले किसान सहकारीबाट ऋण लिई १४ पाठा बँगुरपालनबाट उद्यमको सुरूवात गरिन् । समयसँगै बँगुर फर्म विस्तार भयो, भैसीपालन र डेरी सञ्चालन भयो, घर छेउमै किराना पसल थापियो र यसै वर्ष उनले ६ कट्ठा जग्गामा माछा पालन यवसाय सुरू गरिन् । अहिले उनले शुरूगरेको पोखरीमा ४५०० माछा छन् ।

पारिवारिक सहकार्य र साझा प्रतिबद्धता

राजकुमारी र रामकृष्णको सफलता केवल एक व्यक्तिको होइन, पूरै परिवारको साझा प्रयास हो । श्रीमान् बिहान बेलुका चारो काट्ने, खेतबारी हेर्ने र सरकारी कार्यक्रमको जानकारी दिने जिम्मा लिन्छन् । सासु-ससुरा किराना पसल चलाउँछन् भने राजकुमारी सम्पूर्ण आर्थिक व्यवस्थापन, गोठ

सफाइ र उत्पादन बिक्रीको मुख्य जिम्मेवार छिन् । हाल उनीहरूको फार्ममा ५० भन्दा बढी बँगुरका पाठा छन् । ६ वटा भैसी छन् । दैनिक १० लिटर दुध र बार्षिक करिब १०० बँगुर पाठा बिक्री हुन्छन् ।

प्रेरणाको स्रोत बनेकी राजकुमारी

राजकुमारी अब केवल व्यवसायी होइनिन् – उनी गाउँकी महिला उद्यमी अभियन्ता हुन् । उनकै प्रेरणामा गाउँका ७ जना किसानले भैसीपालन व्यवसाय सुरू गरिसकेका छन् । उनी महिलाहरूमाझ पशु बीमा, सहकारी ऋण र सरकारी अनुदानका अवसरबारे जानकारी दिन्छिन् र सहभागी गराउँछिन् ।

भविष्यका सपना

राजकुमारी भन्छिन् – "गाउँमा भैसीपालक किसानको संख्या बढ्दै गएमा ठुलो डेरी र जैविक मल उद्योग खोल्ने मेरो सपना छ।" श्रीमान् रामकृष्ण उनको योजनामा पूर्ण साथ दिँदै भन्छन् – "राज्यले किसानलाई दिने सहुलियत सिधै किसानको हातमा पुग्ने व्यवस्था भए गाउँमै रोजगारीको प्रशस्त अवसर सिर्जना हुन्छ।"

❑❑

हार्दिक बधाई तथा शुभकामना

सुदुरपश्चिमको अग्रणी र नेपालको नमुना सहकारी संस्थाको रुपमा परिचित रहेको **किसान बहुउद्देश्यीय सहकारी संस्था लि.** आफ्नो स्थापनाको ३० वर्ष पुरा गरि ३१ वर्षमा प्रवेश गरेका अवसरमा संस्थाको उत्तरोत्तर प्रगतिको कामनाका गर्दै ३० औ बार्षिकोत्सवको सफलताको शुभकामना व्यक्त गर्दछु।

फणीराज सापकोटा
अध्यक्ष

जिल्ला सहकरी संघ लि कैलाली

कथा कपडागञ्जको

उद्यमशिलता व्यवसायमा नवप्रवर्तन हो । जो गरिरहेको काम प्रतिको लगनशिलता र ईमान्दारिताबाट प्रकट हुन्छ । यही विश्वास र नयाँ पुस्ताको उद्यमशील सोचबाट जन्मिएको 'कपडागञ्ज राजापुर' केवल पसल होइन, स्थानीय युवाको आत्मनिर्भरता र आधुनिक उद्यमशिलताको प्रतीक हो । यस्तै नवप्रवर्तनकारी सोचभएका उद्यमी हुन् । किसान बहुउद्देश्यीय सहकारी संस्थाका सदस्य, जनक भण्डारी ।

जानकी गाउँपालिका–५ सुवर्णपुरका जनक भण्डारी यतिखेर चाडपर्वको रौनकसँगै कपडा बेच्ने व्यस्ततामा छन् । बिहान ८ बजेदेखि बेलुका ८ बजेसम्म उनी "कपडागञ्ज राजापुर" मा नै हुन्छन् – ग्राहकको भीड, नयाँ मालको डिस्प्ले र टिकटकमार्फत प्रचारप्रसारमै व्यस्त । "सिजनको बेला दैनिक करिब डेढ लाख रूपैयाँसम्मको कपडा बिक्री हुन्छ," जनक मुस्कुराउँदै भन्छन् ।

डिजिटल प्रचार र ग्राहक विश्वास

जनकका अनुसार कपडागञ्जमा आउने ग्राहक केवल राजापुर क्षेत्रका मात्र होइनन्, बाँसगढी, भुरीगाउँ र टीकापुरसम्मका छन् । त्यसमध्ये धेरैजसो जनकले बनाएका टिकटक र फेसबुक भिडियोहरू हेरेर पसलमा आइपुग्छन् । उनी भन्छन् – "हामीले प्रत्येक कपडा डिस्प्लेमा राखेका छौं, जसले ग्राहकलाई छनोट गर्न सहज बनाउँछ । मुल्य पनि सस्तो हुन्छ, किनकि हामीले कपडागञ्जका सबै स्टोरका लागि एकैपटक सामान खरिद गर्छौं । त्यसले खरिद लागत घटाउँछ र ग्राहक लाभान्वित हुन्छन् ।"

कपडागञ्जमा ५० भन्दा बढी प्रकारका लुगा, लुगा परीक्षणका कोठा, सफा वातावरण र सहज व्यवहारले ग्राहकलाई सन्तुष्ट पार्ने जनकको नीति छ । उनी भन्छन् – "व्यापारमा ग्राहकसँग बोलिने भाषा र व्यवहार नै सबैभन्दा ठूलो पूँजी हो । आजको बिक्री मात्र होइन, भोली पनि ग्राहक फर्केर आउने विश्वास कमाउनु नै हाम्रो उद्देश्य हो ।"

कपडागञ्जको सुरुवात र विस्तारको कथा

जनकले बताए अनुसार, "कपडागञ्ज" पश्चिम नेपालमा चलेको एक परिवारिक चेन स्टोर ब्रान्ड हो । यो काम जनकका काकाले चार वर्षअघि नेपालगञ्जमा सुरू गरेको कपडा पसलबाट आएको हो । त्यतिबेला एउटा सानो कोठाबाट सुरू भएको पसल अहिले दुईतले आधुनिक स्टोरमा रूपान्तरित भइसकेको छ । ब्रान्ड प्रसिद्ध भएपछि, जनकका काकाले आफ्ना परिवारका

सदस्यहरूलाई समावेश गर्दै शाखा विस्तार गर्ने योजना बनाए । हाल नेपालगञ्ज, लम्की र राजापुरमा कपडागञ्जका शाखाहरू सञ्चालनमा छन्, जसले आधुनिक फेसन र डिजाइनका कपडाहरू बिक्री गर्छन् ।

जागिरदेखि व्यवसायसम्मको यात्रा

कपडागञ्ज सुरू हँदा जनक नेपालगञ्जकै एक वित्तीय संस्थामा जागिरे थिए । फुर्सदमा काकाको पसलमा गएर सहकार्य गर्दा उनले व्यापारप्रति रूचि बढ्दै गएको महसुस गरे । जागिर र पसल दुवैबाट हुने आम्दानीको तुलना गरेपछि उनले व्यवसाय गर्ने निष्कर्ष निकाले । त्यसपछि उनले जागिर छोडेर व्यवसायमै होमिने निर्णय गरे । काकाको सहयोग र आफ्नै लगानीमा राजापुर शाखा स्थापना गर्ने योजना बन्यो ।

जनकले चार वर्षको जागिरबाट बचत गरेको रकम र बाँकी किसान बहुउद्देश्यीय सहकारी संस्थाबाट ऋण लिएर वि.सं. २०८१ साल चैत महिनामा "कपडागञ्ज राजापुर" सुरू गरे । ३० लाख रूपैयाँ लगानीबाट सुरू भएको व्यवसायको कुल सम्पत्ति एक वर्षमै ६५ लाख रूपैयाँ पुगेको जनक गर्वका साथ सुनाउँछन् ।

सीप र सम्भावनाको संगम

कपडागञ्जको कथाले देखाएको छ – सही सोच, पारिवारिक सहकार्य, डिजिटल सीप र सहकारीको सहयोगले ग्रामीण युवाले पनि परम्परागत व्यापारलाई आधुनिक व्यवसायिक उद्यममा रूपान्तरण गर्न सक्ने क्षमता राख्छन् । जनक भन्छन् – "हामी केवल कपडा बेच्दैनौं, हामी विश्वास र पहिचान बनाउँछौं ।"

❑❑

"सदस्यको उन्नती, सहकारीको प्रगती"

स्थापनाको ३०औं वर्ष पुरा गरि ३१औं वर्षमा प्रवेश गरेकोमा किसान बहुउद्देश्यीय सहकारी संस्था लम्की, कैलालीलाई उत्तरोत्तर प्रगतिको कामना सहित हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

CLOUD TECH
SOLUTIONS

Naxal, Bagawatibahal, Bhagwatimarg
Kathmandu, Nepal
Tel. +977-01-4425124/4425136
Email: info@cloudtech.com.np

स्थापनाको ३०औं वर्ष पुरा गरि ३१औं वर्षमा प्रवेश गरेकोमा किसान बहुउद्देश्यीय सहकारी संस्था लम्की, कैलालीलाई उत्तरोत्तर प्रगतिको कामना सहित हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

Bar Code
Nepal, Inc. P. Ltd.

BARCODE NEPAL, INC. P. LTD.

स्थापनाको ३०औं वर्ष पुरा गरि ३१औं वर्षमा प्रवेश गरेकोमा किसान बहुउद्देश्यीय सहकारी संस्था लम्की, कैलालीलाई उत्तरोत्तर प्रगतिको कामना सहित हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

Shikhar
Insurance

Shikhar Insurance
Happysurance

AA-
ICRANP-IR AA

स्थापनाको ३०औं वर्ष पुरा गरि ३१औं वर्षमा प्रवेश गरेकोमा किसान बहुउद्देश्यीय सहकारी संस्था लम्की, कैलालीलाई उत्तरोत्तर प्रगतिको कामना सहित हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

synergytech SOFTWARE

Pulchowk, Lalitpur
Tel. 977-01-5526297/5009087/5549721
Email: support@syntechnepal.com

स्थापनाको ३०औं वर्ष पुरा गरि ३१औं वर्षमा प्रवेश गरेकोमा किसान बहुउद्देश्यीय सहकारी संस्था लम्की, कैलालीलाई उत्तरोत्तर प्रगतिको कामना सहित हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

YES Computers & Suppliers
YCS
Estd. 2073
Dhangadhi-4, Kailali

Yes Computers & Suppliers
Dhangadhi-4, Kailali

स्थापनाको ३०औं वर्ष पुरा गरि ३१औं वर्षमा प्रवेश गरेकोमा किसान बहुउद्देश्यीय सहकारी संस्था लम्की, कैलालीलाई उत्तरोत्तर प्रगतिको कामना सहित हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

मॉं सरस्वती फर्निचर उद्योग
टीकापुर–१, कैलाली, नेपाल
फोन : ९८५८४४७११४

स्थापनाको ३०औं वर्ष पुरा गरि ३१औं वर्षमा प्रवेश गरेकोमा किसान बहुउद्देश्यीय सहकारी संस्था लम्की, कैलालीलाई उत्तरोत्तर प्रगतिको कामना सहित हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

dreamgraphic press

Nagarjun Municipality-06, Kathmandu
Factory Office: Kuleshwor-14, Kathmandu
Tel.: +977-9801050637 | 9802050115 | 98584200018
Email: dreamgraphicpress@gmail.com

स्थापनाको ३०औं वर्ष पुरा गरि ३१औं वर्षमा प्रवेश गरेकोमा किसान बहुउद्देश्यीय सहकारी संस्था लम्की, कैलालीलाई उत्तरोत्तर प्रगतिको कामना सहित हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

उपचार खर्च अब
Citizen Life ले गर्छ

नेपालमै पहिलो पटक
५० लाख सम्मको उपचार खर्च
मात्र रु. २० प्रति दिनमा २० घातक रोगहरुका लागि
यो सुविधा सिटिजन लाइफको सबै योजनासँग उपलब्ध

Citizen
Critical Care Plus

विशेषताहरू
रोग लागेको प्रमाणित भए पछि बिल बिना नै उपचार खर्च प्रदान गरिने
बीमाङ्क रकम: रु. ५०,००० देखि रु. ५०,००,००० सम्म
प्रवेश उमेर: १८ वर्षदेखि ५५ वर्षसम्म

Citizen Life Insurance
समृद्धि तपाईंको, साथ हाम्रो

सिटिजन लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड
प्रधान कार्यालय एल.एस. कम्प्लेक्स, थापाथली, काठमाण्डौ ।
०१-५९७०२१७/५३१६०००
info@citizenlifenepal.com, customer.services@citizenlifenepal.com
www.citizenlifenepal.com /CitizenLifeInsurance/

Kisan Smart को
साथ जुनै पनि समय
बैंकिङ्ग सुविधा
Account Details, Bank Statement, Topup, Fund Transfer तथा अन्य सुविधा सजिलै पाउनुहोस्
For more information, visit your bank's nearest branch or login to www.usemobilebanking.com
Login to your account
Mobile Number
Password
Remember Mobile Number
LOGIN
Unable to Login? Tap Here!
Change Language
Electricity
Revenue
Airlines
Khanepani
ISP
TV Payment
Load More
MISSED CALL
Scan Qr Code to download app

वार्षिकोत्सवको हार्दिक मंगलमय शुभकामना ।
F1SOFT INTERNATIONAL PVT. LTD

eSewa™
३०औं वार्षिकोत्सवको
हार्दिक मंगलमय शुभकामना!
किसान बहुउद्देश्यीय सहकारी संस्था लिमिटेडलाई निरन्तर सफलता, स्थायित्व र समृद्धिको शुभकामना।
eSewa परिवार

थ्री जिरो क्लब : युवाको सशक्तिकरणतर्फ किसान सहकारीको पहल

"सहकारीले थ्रि जिरो क्लबका माध्यमबाट शैक्षिक संस्थाहरुमा केन्द्रित कार्यक्रम सञ्चालन गर्दै विद्यार्थीहरुको नेतृत्व क्षमता, सिर्जनात्मक सोच र सामाजिक उत्तरदायित्व विकासमा योगदान पुऱ्याउँदै आएको छ ।"

तपेन्द्र प्याकुरेल
अध्यक्ष
थ्रि जिरो सञ्जाल, लम्की

नोबेल शान्ति पुरस्कार विजेता मोहम्मद युनुसले "शून्य गरिबी, शून्य बेरोजगारी र शून्य खुद कार्बन उत्सर्जन" को लक्ष्यसहित थ्री जिरो क्लब (Three Zero Club) को अवधारणा अघि सारेका हुन् । यस क्लबमा १२ देखि ३५ वर्ष उमेर समूहका युवाहरूले सहभागिता जनाउन पाउँछन्। हरेक क्लबमा ५ जना सदस्य रहने व्यवस्था गरिएको छ ।

बङ्गलादेशबाट सुरू भएको यो क्लब सञ्जाल हाल ५६ देशमा विस्तार भइसकेको छ । विश्वभर थ्री जिरो क्लबको संख्या अहिले ३,८०० भन्दा बढी पुगेको छ। नेपालमा मात्रै २५ सय भन्दा बढी क्लबहरू रहेका छन् जसमा २० हजार भन्दा बढी युवाहरू जोडिएका छन् ।

थ्री जिरो क्लबको उद्देश्य तीन शून्य हासिल गर्ने हो – शून्य गरिबी (zero poverty), शून्य बेरोजगारी (zero unemployment), र शून्य खुद कार्बन उत्सर्जन (zero net carbon emissions) । यसका लागि युवाहरूलाई उद्यमशीलता, क्रियात्मक सोच र सामाजिक जिम्मेवारी अपनाउन प्रेरित गर्ने लक्ष्य राखिएको हुन्छ । नेपालमा थ्री जिरो क्लबहरूले विभिन्न सामाजिक र वातावरणीय गतिविधिहरू सञ्चालन गर्दैछन्,

(क) जस्तैः शिक्षा र तालिम तर्फः विद्यालय र कलेज स्तरमा सदस्यता अभियान, सीप विकास तालिम, र कोडिङ, रोबोटिक्स जस्ता सिर्जनात्मक कक्षाहरूको आयोजना ।

(ख) वातावरणीय पहलहरूः वृक्षारोपण अभियान, नविकरणीय उर्जा र रीसाइकलिङ सम्बन्धी सचेतना कार्यक्रमहरू ।

(ग) उद्यमशीलता प्रवर्द्धनः कृषि, सूचना प्रविधि, डिजिटल मार्केटिङ, र आतिथ्य सेवामा तालिम र व्यवसायिक अवसरहरूको सिर्जना ।

(घ) सामाजिक सेवाः गरिबी निवारणका लागि शैक्षिक सामग्री र विद्यालय युनिफर्म वितरण, र जाडो कपडा वितरण जस्ता कार्यक्रमहरू ।

प्रत्येक क्लबमा ५ जना सदस्य हुन्छन्, उमेर समूह १२ देखि ३५ वर्ष सम्मका युवाहरूलाई लक्षित गरिएको हुन्छ । क्लब स्वतः गठन हुनसक्छ र सदस्यहरू आफैंले क्लबका गतिविधिहरू र जिम्मेवारी तय गर्नेछन् ।

यही विश्वव्यापी अभियानसँग जोडिँदै किसान बहुउद्देश्यीय सहकारी संस्थाले पनि आफ्नो कार्यक्षेत्रमा थ्री जिरो क्लबहरूको गठन गरेको छ । सहकारीले थ्रि जिरो क्लबका माध्यमबाट शैक्षिक संस्थाहरूमा केन्द्रित कार्यक्रम सञ्चालन गर्दै विद्यार्थीहरूको नेतृत्व क्षमता, सिर्जनात्मक सोच र सामाजिक उत्तरदायित्व विकासमा योगदान पुऱ्याउँदै आएको छ ।

मैले पनि विक्रम सम्वत २०७९ मा ३ जिरो क्लब मा जोडिन अवसर पाए । म ३ जिरो क्लब मा जोडिँदा कालिका माध्यमिक विद्यालयमा कक्षा ११ मा अध्ययन गरिरहेको थिए । किसान बहुउद्देश्यीय सहकारी संस्थाका दीपक ढुङ्गाना सरहरू लगायतको टिम आएर थ्री जिरो को बारेमा विस्तृत छलफल गराउनु भयो । थ्रि जिरोको उद्देश्यहरू मनपरेको हुँदा मेरो नेतृत्वमा पाँचजनाको टिम बनाई क्लबमा गठन भयो ।

लम्कीक्षेत्रका विद्यालयहरूमा गठन भएका क्लबहरूको सञ्जाल समेत हामीले गठन गरेका छौ र त्यसको नेतृत्व समेत मेरो क्बलको प्रतीनिधीका रूपमा मैले गर्ने अवसर पाएको छु । सामाजिक कृयाकलापहरू हामी यसै सञ्जाल मार्फत गर्दै आएका छौ । यती मात्रै होईन थ्रि जिरो क्लबले मलाई पहिलो पटक सामुहिक नेतृत्व सिकाएको हो । आज त्यही सिकाई र समाजप्रतिको उत्तरदायित्वबोध का कारण म लम्कीबहुमुखी क्याम्पसको स्वतन्त्र विद्यार्थी यूनीयनको सभापती हुने सौभाग्य साथीहरूले प्रदान गरेका छन् ।

हाम्रा क्लबका विभिन्न उद्देश्यहरू भएतापनि थ्रि जिरो सञ्जालका तर्फबाट हामीले पनि केहि सृजनात्मक र सामाजिक कार्य गरेका छौ । जसमध्ये लम्कीको पर्यटकीय स्थल आमपानी, गोदावरी, बर्दिया लगायत विभिन्न स्थानमा सरसफाई कार्यक्रम गरेका थियौं । यसैगरी हाम्रो क्लब अन्तर्गतकै कला समुहका साथीहरूले २०८१ को दीपावलीमा देउसी भैलो कार्यक्रम गरेका थियौँ । परम्परागत रीतिरिवाजको जगेर्ना गर्दै संस्कृति बचाउनु र साथीहरूबीचको एकता र आपसी सौहार्दता बृद्धि गर्न देउसीभैलो गरेका थियौ । देउसी भैलोबाट उठेको रकम सुर्खेतको बुलबुले ताल काख्रे बिहार लगायतका स्थानहरूमा अवलोकन गरेर बाँकी बचेको रकम पर्यटकीय स्थल आमपानी मा डस्टबिन राखेर सरसफाई कार्यक्रम गरेका थियौँ । हामीले गर्ने हरेक कृयाकलापमा साधन श्रोत उपलब्ध गराई किसान बहुउद्देश्यीय सहकारी संस्थाले सहयोग गर्दै आएको छ ।

थ्रि जिरो क्लबमा आवद्ध भईरहदा मैले किसान बहुउद्देश्यीय सहकारी संस्थाबाट धेरैकुरा सिक्ने र बुझ्ने समेत अवसर पाएको छु । किसानको थ्रि जिरो क्लबका तर्फबाट तेस्रो राष्ट्रिय लघुवित्त सम्मेलनमा काठमाण्डौंमा सहभागीहुन पाउनु मेरा लागि सबैभन्दा ठुलो उपलब्धी हो । उक्त कार्यक्रममा उपस्थित भई रहँदा मलाई ३ जिरोमा आबद्ध भएर काम गर्ने हौसला प्रदान भयो । देशभरबाट आएका थ्रि जेड साथीहरूको अनुभव सुनेर हामीले पनि हाम्रो गाउँ ठाउमा तिन कुरालाई शुन्य बनाउन आजैबाट सँगठित हुनु पर्छ भन्ने भावना बढेर आएको मैले महसुस गरेको छु । त्यस लगत्तै मैले मेरो हरेक जन्मदिनमा नियमित रूपमा सामूहिक वृक्षारोपण कार्यक्रम गर्दै आएको छु र मसँग आबद्ध साथीहरूलाई पनि अनुरोध गरिरहेको छु ।

थ्रि जिरो क्लबबाट क्रियाकलापहरू सम्पादन गर्न केहि चुनौतीहरू पनि मैले देखेको र भोगेको छु । जसमध्ये देहायका मुख्य चुनौतीहरू मुख्य रहेका छन्

स्रोतको अभाव हुनु : परियोजनाहरूको लागि आवश्यक वित्तीय र भौतिक स्रोतहरूको कमी ।

सामाजिक र सांस्कृतिक अवरोधहरु देखापर्नु : ग्रामीण र परम्परागत सोच भएका समुदायमा नयाँ विचार र पहलहरूको स्वीकारोक्ति कम हुनु ।

युवाहरुमा सीप र तालिमको अभाव : क्लबका सदस्यहरूलाई आवश्यक सीप र तालिमको अभाव, जसले उनीहरूको क्षमता र प्रभावकारिता सीमित बनाउँछ।

संस्थागत सहयोगको कमी : सरकारी र गैरसरकारी संस्थाहरूबाट आवश्यक सहयोग र समन्वयको अभाव ।

भावि दृष्टिकोण : थ्रि जिरो क्लबलाई कृयाशिल बनाई राख्न किसान सहकारी संस्था र अन्य सरोकारवाला निकायले देहायका नीतिहरू अवलम्बन गर्न सान्दर्भिक हुन सक्छन् :

डिजिटल प्लेटफर्महरुको उपयोग: अनलाइन तालिम र सचेतना अभियानहरूको माध्यमबाट युवाहरूमा पहुँच विस्तार ।

सार्वजनिक र निजी साझेदारी: सरकारी र निजी क्षेत्रसँगको सहकार्य मार्फत स्रोत र सहयोगको वृद्धि ।

स्थानीय नेतृत्वको विकास: स्थानीय तहमा नेतृत्व क्षमता विकास गरेर दीगो परिवर्तनको सुनिश्चितता।

वैश्विक सञ्जालको विस्तार: अन्तर्राष्ट्रिय स्तरमा थ्री जिरो क्लबको सञ्जाल विस्तार गरेर अनुभव र स्रोतहरूको आदानप्रदान ।

अन्तमा, थ्रि जिरो क्लबको गठन, संरक्षण र परिचालनमा आवश्यक मार्गदशर्न गर्नुभएकोमा किसान बहुउद्देश्यीय सहकारी संस्थाका नेतृत्व तहमा रहनुहुने सरहरू, संस्थाका शेयर सदस्य ज्यू प्रति, क्लबका गतिविधि गर्न सघाउनु हुने विद्यालय, क्याम्पस लगायत सम्पूर्ण सरोकारवाला व्यक्ति एवं निकाय प्रति हार्दिक आभार व्यक्त गर्दै आगामी दिनमा समेत साथ, सहयोग र समर्थनको अपेक्षा गर्दछु । धन्यवाद । जय सहकारी । जय किसान ।

❑❑

नमस्कार ।

मेरा दृष्टिमा किसान बहुउद्देश्यीय सहकारी संस्था यस क्षेत्रको मात्र नभई सम्पूर्ण सहकारी समुदायकै लागि अनुकरणीय संस्था हो । अन्य सहकारी संस्थाभन्दा फरक पहिचान बनाउन सफल यो संस्थाले आफ्ना शेयर सदस्यको मन मुटुमा स्थान बनाउन सकेको छ ।

सुशिला शाही
(नगर प्रमुख)
लम्कीचुहा नगरपालिका
लम्की, कैलाली

किसान बहुउद्देश्यीय सहकारी संस्था यस क्षेत्रको नमुना सहकारी संस्था हो । यस संस्थाले आफ्ना शेयर सदस्यहरूलाई वित्तीय र गैरवित्तीय सेवा-सुविधा प्रदान गर्दै उद्यमशीलता विकासमा उल्लेखनीय काम गरेको छ । तालिम, मल-विजन वितरणदेखि जन्मदेखि मृत्युसम्मका सेवा कार्यक्रममार्फत सदस्यको हितमा कार्य गर्दै आएको छ । सहकारीका सिद्धान्त र मूल्यअनुसार समुदायको विकासमा अग्रसर यो संस्थाले स्थानीय सरकारको पनि विश्वास जित्न सफल भएको छ । ३०औं स्थापना दिवसको अवसरमा म मेरो व्यक्तिगत तथा सिंगो नगरवासीको तर्फबाट हार्दिक बधाई तथा निरन्तर प्रगतिको शुभकामना व्यक्त गर्दछु ।

धन्यवाद । ❑❑

संगिता रावल (सोडारी)
(उप-प्रमुख)
मंगलसेन नगरपालिका
अछाम

नमस्कार ।

सुदुरपश्चिम प्रदेशकै अग्रणी सहकारी संस्थाको रूपमा रहेको किसान बहुउद्देश्यीय सहकारी संस्थाले निरन्तर सदस्यहरूको विश्वास जित्दै काम गर्न सफल भएकोमा हार्दिक बधाई तथा शुभकामना व्यक्त गर्दछु ।

आगामी दिनहरूमा पनि किसान-कोपले सदस्य-उन्मुख सेवा, पारदर्शिता र सहकार्यको संस्कृतिलाई निरन्तरता दिंदै अझ उच्च सफलताको शिखरमा पुग्ने विश्वास व्यक्त गर्दै, ३० औं स्थापना दिवसको अवसरमा हार्दिक बधाई तथा मंगलमय शुभकामना व्यक्त गर्दछु । ❑❑

नमस्कार ।

श्रृजना बुढा
(उप-प्रमुख)
रामारोशन गाउँपालिका
अछाम

मेरो बुझाईमा किसान सहकारी संस्था अरू भन्दा फरक रहेको मलाई महशुस भएको छ । यस संस्थाले शेयर सदस्य बनाएर संस्था आफ्नो हो भनेर कारोबार गर्ने सिकाएको छ । महिला दिदीबहिनीहरूलाई उद्यमशील बनाउन तरकारीको विउ विजन वितरण गरेर उद्यमी बनाउँदै छ । यसका साथै हालै भएको सहकारी शिक्षा तथा तीज उत्सव कार्यक्रमले महिला दिदी बहिनीहरू खुशी भएका छन् । उनिहरूको मन जित्न किसान सहकारी संस्था सफल भएको मैले अनुभुति गरेको छु । यस संस्थाले गर्ने हरेक कार्यक्रमहरू र सहकारी विधि विधानका सन्देश नमुना योग्य नै छन् र यस संस्थाले हाम्रो लागि हरेक क्षेत्रमा हाम्रै सहयोगीको जस्तो समुदायको विकासका लागि काम गरेको विश्वास दिलाउँदै आम मानिसको विश्वास जित्न सफल भएको छ भन्दै यस संस्थाको ३० औं वार्षिक उत्सवको भव्य सफलताको शुभकामना ब्यक्त गर्दछु । ❑❑

दीर्घ बहादुर बलायर
(नगर प्रमुख)
शिखर नगरपालिका
डोटी

नमस्कार ।

२०५२ साल कार्तिक १७ मा स्थापना भई शिखर नगरपालिकामा २०७८ सालबाट वित्तिय तथा गैर वित्तिय सेवामा निरन्तर सेवारत सुदुरपश्चिम प्रदेशकै अग्रणि यस किसान बहुउद्देश्यीय सहकारी संस्थाले निरन्तर सदस्यको विश्वास जित्न सफल भएकोमा हार्दिक बधाई तथा शुभकामना व्यक्त गर्दछु । साथै आगामि दिनमा समेत यसले थप सदस्य उन्मुख कारोबारलाई निरन्तरता दिदै अगाडि बढ्नेछ भन्ने विश्वासका साथ ३०औं बार्षिक उत्सवको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु ।

❑❑

कमल सिंह बोहरा (अपी)
(नगर उप-प्रमुख)
पाटन नगरपालिका
बैतडी

नमस्कार ।

श्री किसान बहुउद्देश्यीय सहकारी संस्था लिमिटेडको ३० औं बार्षिक उत्सवको उपलक्ष्यमा सम्पूर्ण महानुभाव ज्यूहरूमा हार्दिक शुभकामना व्यक्त गर्दछु । पहाड तथा दूर दराज बस्तीका किसानहरूलाई सेवा दिई हाम्रो पाटन नगरपलिका क्षेत्रका पनि अधिकांश किसानलाई दुःख सुखको सहारा बनि पवित्र उद्देश्यले सेवा दिइरहेको संस्थाको वर्षगाठमा शुभकामना दिन पाउँदा एकदमै खुसी छु । यो संस्थाले उद्देश्य प्राप्ती सहित सेवा क्षेत्रमा अनवरत लागिरहने प्रेरणा मिल्ने अपेक्षा सहित सम्पूर्णमा पुनः हार्दिक शुभकामना व्यक्त गर्दछु । ❑❑

खडक बहादुर रावत
(नगर प्रमुख)
घोडाघोडी नगरपालिका
कैलाली

नमस्कार ।

किसान बहुउद्देश्यीय सहकारी संस्था विगत लामो समयदेखि घोडाघोडी न.पा. मा पनि सेवा दिदै आएको छ सहकारीका माध्यमबाट यस क्षेत्रका जनताहरू लाई सेवा अगाडि बढाई रहेको छ ।

यस नगरपालिकामा बसोबास गर्ने आर्थिक रूपमा कमजोर पछाडि परेका व्यक्तिहरूलाई आर्थिक तथा सामाजिक रूपमा सक्षम बनाउनका लागि संस्थाले उल्लेखनीय भुमिका खेलेको छ । यस नगरपालिका भित्र सहकारीका माध्यमबाट किसान मार्ट सेवा, कृषी एग्रोसेवा लगायत सदस्यको जन्मदेखि मृत्यु सुबिधाका साथै किसानहरूलाई कृषिका माध्यमबाट सफल र सक्षम बनाउनका लागि महत्वपूर्ण भुमिका खेल्दै आएकोमा संस्था प्रति हार्दिक धन्यबाद ब्यक्त गर्दछु ।

यो संस्था ३०औं बर्ष पुगेको उपलक्ष्यमा । यो संस्थाको सम्पुर्ण परिवारलाई हार्दिक शुभकामना ब्यक्त गर्दछु । धन्यबाद ।

❑❑

रामलाल डगौरा थारू
(नगर प्रमुख)
टीकापुर नगरपालिका
कैलाली

नमस्कार ।

वास्तविक रूपमा मेरो बुझाईमा किसान बहुउद्देश्यीय सहकारी संस्था अरू संस्था भन्दा फरक रहेको छ । सहकारी संस्था आफ्ना सम्पूर्ण शेयर सदस्यको मन मुटुमा बस्न सफल रहेको मलाई महशुस भएको छ । किसान बहुउद्देश्यीय सहकारी संस्था हाम्रो आफ्नै स्थानीय नागरिकहरू शेयर सदस्य भई स्थापना भएको साथै अरू सहकारी संस्थाहरू भन्दा सक्षम र अब्बल सम्झेर मैले पनि शेयर सदस्य भई विभिन्न समयमा बचत गर्ने, कर्जा लिने र अन्य कारोवार गर्ने काम गरिरहेको छु ।

संस्थाले शेयर सदस्यहरूलाई बित्तिय सुबिधा उपलब्ध गराउनुका साथै उद्यमशिल बनाउन समय-समयमा विभिन्न खालका तालिम सञ्चालन गर्ने, सुलभ तथा सुपथ मुल्यमा मल, विउ विजन वितरण गर्ने कार्य गरेको छ । सहकारीले शेयर सदस्यहरूलाई उद्यमी बनाउने, जन्म देखी मृत्युसम्मका सुविधामा काजक्रिया सुविधा, सदस्य तथा सदस्यको परिवारको कर्जा मिनाह गर्नुका साथै अन्य विभिन्न सेवा सुविधा प्रदान गर्ने गरेकोमा सहकारी संस्थालाई धन्यवाद दिन चाहन्छु । संस्थाले गर्ने हरेक कार्यक्रमहरू सहकारी संस्थाको विधि विधान अनुरूप नमुना योग्य नै छन् । हरेक क्षेत्रमा शेयर सदस्यहरूको हितमा काम गरेकोले आम नागरिकको विश्वास जित्न सफल भएको छ । यस संस्थालाई स्थानीय सरकारको समेत साथ सहयोग रहने बिश्वास दिलाउदै संस्थाको ३०औं वार्षिक उत्सवको भव्य सफलताको शुभकामना ब्यक्त गर्दछु ।

धन्यवाद । ❑❑

नमराज बुडा
(वडा अध्यक्ष)
साँफेबगर नगरपालिका वा.नं- ४
अछाम

नमस्कार ।

किसान बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड हाल यस साफैँबगरमा शेयर सदस्यबाट बचत संकलन गरी आय आर्जन गर्ने कामका लागि कर्जा परिचालन लगायत किसानका लागि प्रभावकारी सेवा प्रदान गर्ने काम गरिरहेको छ । साथै किसान बहुउद्देश्यीय सहकारी संस्थाले शेयर सदस्यलाई मासिक बैठकमा संस्थाले दिने सेवा सुविधाका बारेमा समिक्षा गर्दै सुधार गर्ने काम पनि गरिरहेको छ । संस्थाले थुप्रै डिजिटल सेवाहरू मार्फत सदस्यहरूको वित्तिय कारोबार सहज बनाएको सदस्यहरूलाई महसुस भईरहेको छ । अझै पनि संस्थाले दिने सेवालाई स्तरीकृत गर्दै सदस्यहरूको मनोभावना र चाहनालाई मध्यनजर गर्दै सेवाहरू विस्तार गर्ने छ भन्ने कुरामा आशा राख्दै सहकारी संस्थाको ३० औं वार्षिक उत्सवको सफलताको शुभकामना व्यक्त गर्दछु ।

धन्यवाद । ❑❑

कमल सिंह बोहरा
(नगर उप-प्रमुख)
पाटन नगरपालिका
बैतडी

नमस्कार ।

किसान बहुउद्देश्यीय सहकारी संस्थाले घरदैलो वित्तीय कार्यक्रमको माध्यामबाट विभिन्न क्षेत्र टोलमा समुह गठन गरी घरदैलोमै डिजिटल बैंकिङ्ग कारोबार, शेयर सदस्यलाई जन्म देखि मृत्यु सम्मको सुविधा र बचत गर्ने बानीको विकास संगै अनुशासित मर्यादित एवं स्वावलम्बी बन्न समेत उत्प्रेरित गरेको छ । उद्यम गर्ने उद्यमी तथा पेशा, व्यवसाय गर्ने सदस्य परिवारलाई विभिन्न कार्यक्रम र माध्यमबाट सहयोग गर्ने गरेको छ । शिक्षा क्षेत्रमा उत्कृष्ट छात्र छात्रालाई छात्रवृति कार्यक्रम, कृषि क्षेत्रमा तालिम, प्रकृतिक प्रकोपमा राहत, गम्भिर प्रकारको रोग भएकाहरूका लागि शल्यक्रिया तथा अंग प्रत्यारोपणमा आर्थिक सहयोग गर्दै नमुना सहकारीका रूपमा यस क्षेत्रमा सेवा प्रवाह गरिरहेको छ ।

यी नै सेवा सुविधाका कारण संस्था निरन्तर विकसित र विस्तारित भईरहेको छ । यस संस्थाको विकास संगसंगै स्थानीय व्यक्तिहरूलाई रोजगारी समेत प्रदान गरेको छ । सहकारी संस्थामा हुनु पर्ने गुण र स्थापित मान्यता अनुरूप संस्था सञ्चालन हुन हामी सबैका लागि सुखद अनुभुती हो । अन्त्यमा नेपालका केही सहकारी संस्थामा देखा परेका समस्याहरू र यसबाट समुदायमा परेका सबैखाले नकरात्मक प्रभावहरूबारे चनाखो भई सबै सदस्यहरूको विश्वास जित्न र सबैको अपनत्व हुने र देखिने कार्यक्रम गर्न यो संस्था सफल रहोस भन्ने शुभकामना व्यक्त गर्दछु ।

धन्यवाद । ❑❑

तोया प्रसाद शर्मा
(नगर प्रमुख)
पुर्नवास नगरपालिका
कञ्चनपुर

नमस्कार ।

किसान बहुउद्देश्यीय सहकारी संस्थाले सदस्यको आर्थिक सशक्तिकरण, आत्मनिर्भरता, साना साना उद्यमी उत्पादन र सामहिक विकासमा पुर्याएको योगदान अतुलनिय छ । आगामी दिनमा अझै प्रभावकारी सेवा र सदस्य तथा संस्थाको सहकार्यमा संस्थाको संग संगै सदस्यको पनि प्रगति निरन्तर रहोस । संस्था आगामि दिनमा अझै सुदृढ सबल र आत्मनिर्भर भई जनअपेक्षा अनुसार कार्य गरि नेपालकै नमुना सहकारी बन्न सकोस । सहकारी भन्दा बित्तिकै सबैको मानसपटलमा किसान बहुउद्देश्यीय सहकारी संस्थाको नाम छाओस भन्ने कामना गर्दै संस्थाको ३० औं बार्षिकत्सवको यस अवसरमा सम्पुर्ण शेयर सदस्य, पदाधिकारी तथा कर्मचारीहरू सबैमा हार्दिक शुभकामना व्यक्त गर्न गर्दछु । ❑❑

नमस्कार ।

राजेश थारू
(वडा अध्यक्ष)
राजापुर न.पा. वडा नं- ८
बर्दिया

किसान बहुउद्देश्यीय सहकारी संस्थाले वास्तवमा सहकारीले गर्ने कामहरू गरि रहेको छ । नेपालका थुप्रै सहकारी संस्थाहरूले सहकारी उद्देश्य अनुसार चलि रहेका छैन्न् । तर मेरो बुझाईमा किसान बहुउद्देश्यीय सहकारी संस्थाले सहकारी निति र विधि अनुसार सदस्यका आवश्यकताहरू पहिचान गरी सोही अनुसारका कार्यहरू गरिरहेको छ । यसले वित्तीय कारोबारका साथै किसानहरूलाई उत्पादनमा जोड्न र उद्यमशिल बनाउन किसानहरूलाई आवश्यक गुणस्तरीय मल,विउ,विजन तथा प्राविधिक सेवाका साथै किसानहरूका उत्पादनलाई किसान कोप मार्ट मार्फत बजारी करणमा सहयोगीको भुमिका गरिरहेको छ । यो उत्तम कार्यको लागि धन्यबाद ब्यक्त गर्न चाहान्छु र भविष्यमा पनि किसानहरूलाई प्रत्यक्ष सेवा पुग्ने बनाई सदस्य हितका कार्यक्रमलाई प्राथमिकतामा राखेर लक्ष्य तथा योजनाका साथ काम गरोस भन्दै पुनः यस संस्थाको ३० औं वार्षिक उत्सवको पूर्ण सफलताको शुभ कामना ब्यक्त गर्दछु । ❑❑

यज्ञ प्रसाद न्यौपाने
(वडा अध्यक्ष)
टीकापुर न.पा. वडा नं - ७
कैलाली

नमस्कार ।

कैलाली जिल्लाको लम्की चुहा नगरपालिकामा मुख्य कार्यालय रही यस टीकापुर नगरपालिका वडा नं. ७ सत्तीमा पनि शाखा संचालन गरि कृषक, महिला, उद्यमी, व्यापारी लगायतको जीवनस्तर उकास्नमा महत्वपुर्ण भुमिका खेलिरहेको श्री किसान बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड ३०औं वर्ष पुरा गरि ३१औं वर्षमा प्रबेश गर्न लागेको उपलक्ष्यमा यस किसान बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड कैलालीको उत्तरोउत्तर प्रगतिको कामना सहित नेपाली हिन्दुहरूको महान चाड शुभ दिपावली र छठ पर्वको अवसरमा हार्दिक मंगलमय शुभकामना ब्यक्त गर्दछु । ❑❑

मानविय क्षतीमा संस्थाको सहयोग

सदस्य बल बहादुर भण्डारीको परिवारलाई १२ लाखको सुरक्षण प्रदान

जानकी गा.पा. ०२ कालिकापुर बस्ने ६१ वर्षिया बल बहादुर भण्डारी संस्थामा मिति २०८० मा आवद्ध हुनुभयो । विभिन्न समयमा संस्थाबाट ऋण कारोबार गरि ठेक्कापट्टा व्यवसाय गर्न थाल्नु भयो ।

मिति २०८१।१०।२२ गते निज सदस्यको असामयिक निधनले उहाँको परिवार माथी बज्रपात भयो । घर परिवारको सम्पुर्ण जिम्मेवारी र व्यवसायिक क्रियाकलाप चलाउदै आएका सदस्यको मृत्यबाट उहाँको परिवारको भविष्य कसरी अगाडि बढाउने र लिएको ऋण कसरी तिर्ने भन्ने चिन्ताले पिरोल्न थाल्यो ।

उहाँको परिवारको चिन्तालाई संस्थाले पनि महसुस गऱ्यो । संस्थाले बल बहादुर भण्डारीको परिवारलाई १२ लाख २८ हजार ३ सय ७१ रूपैया सुविधा वापत प्रदान गऱ्यो । बल बहादुर भण्डारीको मृत्यु भएपछि उहाँको परिवारलाई यति ठुलो कर्जा कसरी तिर्ने भन्ने लागी रहेको थियो किसान बहुउद्देश्यीय सहकारी संस्थाले हाम्रो सबै चिन्ता निवारण गरिदिएकोमा धन्यवाद ।'

❑❑

सदस्य चन्द्रिकालाई ८ लाख सुरक्षण प्रदान

जानकी गाउँपालिका वडा नं. १ धर्मापुर कि ५३ बर्षिय चन्द्रिका कुमारी चौधरी संस्थामा मिति २०६९ सालमा आवद्ध हुनुभयो । विभिन्न समयमा संस्थाबाट ऋण कारोबार गरि भैसीपालन र आफै घरमा किराना पसल गर्न थाल्नु भयो ।

मिति २०२८ माघ १२ गते जन्मिएका हरी राम चौधरीको मिति २०८१ माघ ०८ गतेका दिन असामयिक निधले चन्द्रिका माथी बज्रपात पऱ्यो । घरमा हरेक व्यवसायिक कृयाकलापमा साथ दिदै आएका श्रीमानको मृत्युबाट चन्द्रिकाले भविष्य कसरी अगाडि बढाउने र लिएको ऋण कसरी तिर्ने भन्ने चिन्ताले पिरोल्न थाल्यो ।

चन्द्रिकाको चिन्तालाई महसुस गरेर संस्थाले उहाँलाई ८ लाख ४२ हजार ४ सय १७ रूपैया सुविधा प्रदान गऱ्यो । श्रीमानको मृत्यु भएपछि यति ठुलो कर्जा कसरी तिर्ने भन्ने लागी रहेको थियो तर किसान बहुउद्देश्यीय सहकारी संस्थाले मेरो सबै चिन्ता निवारण गरिदिएकोमा धन्यवाद व्यक्त गर्नुभयो । ❑❑

दु:खको घडीमा सहकार्यको हात

"मानव जीवनमा सुख-दु:ख, उतार-चढाव स्वाभाविक हुन्छन् । तर कहिलेकाहीँ यस्ता क्षण पनि आउँछन्, जसले जीवनको सम्पूर्ण अर्थ बदलिदिन्छ । सदस्यका यस्तै पीडादायी क्षणहरुमा संस्थाले सदस्यलाई साथ दिँदै आएको छ ।"

ईन्द्रकलीलाई ८ लाखको सुरक्षण ।

घोडाघोडी न.पा.१२ वनवर्षा कि ५८ वर्षिया ईन्द्रकली खत्री वि.सं. २०६८ सालमा संस्थामा सदस्यका रूपमा आवद्ध हुनु भयो । ईन्द्रकलीले संस्थाबाट ऋण लिएर भैसीपालन व्यवसाय थाल्नुभएको थियो । श्रीमान तप्त बहादुर खत्रीको साथ र मेहनतले व्यवसाय सुचारू रूपमा अघि बढिरहेको थियो ।

तर मिति २०७३ साल चैत २४ गते उहाँका श्रीमानको असामयिक निधन भएपछि ईन्द्रकलीको संसार नै शून्य भयो । परिवारका मुख्य सहारा गुमाउँदा उहाँमाथि मनोवैज्ञानिक आघातका साथै ऋण र जिम्मेवारीको भारी पनि थपियो । "अब भविष्य कसरी अगाडि बढाउने ? लिएको कर्जा कसरी तिर्ने ?" चिन्ताले उहाँलाई निरन्तर पिरोल्यो ।

यो दु:खद अवस्थालाई किसान सहकारीले पनि आफ्नो सदस्यको पीडा रूपमा महसुस गर्‍यो । संस्थाको सदस्य हित तथा सहयोग कार्यक्रमअन्तर्गत ईन्द्रकलीलाई रू. ८ लाख १३ हजार ८ सय ९० सहयोगस्वरूप प्रदान गरियो । ईन्द्रकली खत्री आफ्ना भाव व्यक्त गर्दै भन्छिन् – "श्रीमानको मृत्युपछि यति ठूलो कर्जा कसरी तिर्ने भन्ने लागिरहेको थियो । किसान बहुउद्देश्यीय सहकारी संस्थाले मेरो सबै चिन्ता निवारण गरिदियो । म संस्थाप्रति हृदयदेखि आभारी छु ।"

संस्थाको यही आत्मीयता र सदस्यप्रतिको जिम्मेवारी नै यसको सबल पहिचान हो । संकटका बेला सहकार्यको हात अगाडि बढाउन सक्नु नै सच्चा सहकारी भावना हो, र किसान सहकारीले यो भावना व्यवहारमा उतार्दै आएको छ । ❑❑

संस्थाका गैरवित्तीय व्यवसायहरुको परिचय

"सहकारी ऐन, २०७४ अनुसार बहुउद्देश्यीय सहकारीले कुल कारोबारको कम्तीमा ३० प्रतिशत हिस्सा गैरवित्तीय क्षेत्रमा पुऱ्याउदै जानुपर्ने प्रावधानलाई आत्मसात गर्दै किसान-कोपले हाल गैरवित्तीय व्यवसाय विस्तारको रणनीति अवलम्बन गरेको छ ।"

भोजराज भट्टराई,
विभागीय प्रमुख
(गैर-वित्तीय व्यवसाय विभाग)

सुदूरपश्चिम र लुम्बिनी प्रदेशको राजापुर कार्यक्षेत्रमा क्रियाशील किसान बहुउद्देश्यीय सहकारी संस्था लि. (किसान-कोप) आफ्नो नामअनुसार बहुआयामिक प्रकृतिको संस्था हो । वित्तीय कारोबारका साथै यसले विगतदेखि नै गैरवित्तीय व्यवसायहरू सञ्चालन गर्दै आएको छ ।

संस्थाको स्थापना वि.सं. २०५२ कार्तिक १७ गते हुँदा प्रारम्भिक चरणमै नुन, चिनी, चामल, तेल र रासायनिक मलजस्ता उपभोग्य वस्तुहरूको बिक्री वितरणबाट गैरवित्तीय व्यवसायको यात्रा सुरू भएको थियो। त्यतिबेला आसपासका क्षेत्रमा बैंक तथा वित्तीय संस्थाको अभाव महसुस भएपछि संस्थापकहरूले बचत तथा ऋण कारोबार सुरू गर्ने निर्णय गरे ।

वि.सं. २०५४ मा नेपाल राष्ट्र बैंकबाट सीमित बैंकिङ्ग कारोबारको अनुमति प्राप्त गरेपछि किसान-कोपले बचत, ऋण र रेमिट्यान्सजस्ता सेवा विस्तार गरी स्थानीय बासिन्दाको भरपर्दो संस्था बन्यो । यस संस्थाको विश्वसनीयता यति बलियो बन्यो कि स्थानीय समुदायले आज पनि "किसान सहकारी होइन, किसान बैंक नै हो" भन्ने गर्दछ ।

वित्तीय व्यवसायमा सफलता हासिल गरेसँगै संस्थाले आफ्नो प्रारम्भिक व्यवसायलाई पुनःस्थापित गर्ने निर्णय गरी वि.सं. २०७० पछि कृषि सामग्रीहरूको बिक्री वितरणलाई व्यवस्थित रूपले अघि बढायो । वि.सं. २०७९ सम्म आइपुग्दा संस्थाले आधुनिक सहकारी पसल (Coop Mart) सञ्चालन गरी गैरवित्तीय व्यवसाय पुनः सशक्त रूपमा अघि बढाएको छ ।

भुमण्डलीकरणको आजको युगमा मानिसको सहज जिवन यापन, समय, साधन र श्रोतको बचतलाई ध्यानमा राखि विभिन्न स्वदेशी तथा विदेशी कम्पनीहरूले विभिन्न वस्तुहरू उत्पादन गरिरहेका छन् । अझ भनौ त्यस्ता वस्तु तथा ग्याजेटहरू उत्पादन र बजारीकरणमा विश्वबजारमा कम्पनीहरू

बिच कडा होडबाजी चलेको छ । भुई सफा गर्ने आधुनीक झाडु (मप) होस् वा भान्सामा प्रयोग हुने औजार, यस्ता सामानले मानव जिवन त सहज बनाएकै छ भने नविनतम सोच र सृजनशिलतामा आधारित भई स्थानिय श्रोतको प्रयोगबाट यस्तै खाले वस्तुहरू बनाउन सकिन्छ है भन्ने उत्प्रेरणा पनि उद्यमीहरूमा जगाएको छ । विश्वव्यापीकरण चरमउत्कर्षमा रहेका कारण आजको दिनमा विश्व एक गाउँमा परिणत भईसकेको छ । सिमापार र समुन्द्रपार व्यापारलाई प्रविधिले सहज बनाईदिँदा विश्व बजार अब उपभोक्ताको औलामा अडेको छ । मोबाईलमा गरेको एक क्लिकले सबथोक पाउन सकिने भएको छ । उत्पादनहुने सामान कुनै पनि देशमा बेच्न र किन्न सकिने गरी भएको प्रविधिको विकासलाई आत्मसाथ गर्दै यसको लाभ लिने गरि उद्यमशिलताको प्रवर्द्धन गर्न आवश्यक छ । हाम्रा सदस्यहरूले कृषिमा आधारित उद्यमीशिलतालाई प्रवर्द्धन गर्ने र उनिहरूको उद्यमशिलता प्रवर्द्धनमा संस्थाको मार्गदर्शन रहने पद्दती बनाई संस्थाको गैरवित्तिय व्यवसायलाई अघि बढाउने हाम्रो सोच हो । यही सोचको पहिलो खुड्कीलो हो किसान-कोप मार्ट ।

सहकारी ऐन, २०७४ अनुसार बहुउद्देश्यीय सहकारीले कुल कारोबारको कम्तीमा ३० प्रतिशत हिस्सा गैरवित्तीय क्षेत्रमा पुर्‍याउनुपर्ने कानुनी प्रावधानलाई आत्मसात गर्दै किसान-कोपले हाल गैरवित्तीय व्यवसाय विस्तारको रणनीति अवलम्बन गरेको छ । हाल संस्थाको कुल साढे ६ अर्ब रूपैयाँको कारोबारमध्ये करिब १७ करोड रूपैयाँ (२.६%) गैरवित्तीय व्यवसाय (एग्रो र मार्ट) तर्फ रहेको छ ।



किसान-कोप मार्ट

विश्वव्यापीकरणको आजको युगमा दैनिक उपभोग्य वस्तुहरू मानिसको जीवनशैलीको अभिन्न हिस्सा बनेका छन् । समय, स्रोत र सुविधाका लागि किराना तथा ग्रोसरी व्यवसाय आधुनिक अर्थतन्त्रको आधारस्तम्भ बनेको छ ।

यस सन्दर्भमा, किसान-कोपले आफ्ना सदस्य र ग्राहकलाई एकै स्थानमा गुणस्तरीय वस्तुहरू उपलब्ध गराउने उद्देश्यले "किसान-कोप मार्ट" सञ्चालन गरेको हो । संस्थाको स्वामित्वमा सञ्चालित यी मार्टहरू अहिले लम्की (लम्कीचुहा न.पा.-१), बौनिया (बर्दगोरिया गा.पा.) र सुखड (घोडाघोडी न.पा.) मा सञ्चालनमा छन् । निकट भविष्यमा टीकापुर, पहलमानपुर र अन्य सम्भावित स्थानमा थप २ वटा मार्ट खोल्ने तयारी भइरहेको छ भने ५ वर्षभित्र १० वटा आधुनिक सहकारी मार्ट सञ्चालन गर्ने लक्ष्य लिइएको छ । मार्टले आकर्षक मूल्य, गुणस्तरीय उत्पादन र उत्कृष्ट ग्राहक सेवाका माध्यमबाट आफ्नो क्षेत्रकै नमुना ग्रोसरी पसल बन्ने दृष्टिकोण लिएको छ । साथै,

भविष्यमा अनलाइन अर्डर र होम डेलिभरी सेवा समेत सुरू गर्ने योजना रहेको छ ।

किसान-कोप एग्रो

नेपाल कृषि प्रधान देश भए तापनि खाद्यान्नदेखि दैनिक उपभोग्य वस्तुसम्मको ठूलो भाग आज पनि आयातमा निर्भर छ । उर्वर भूमि घर-घडेरीमा परिणत हुँदै जानु र किसानहरूको कृषि पेशाप्रति घट्दो आकर्षणले खाद्य सुरक्षा जोखिममा परेको छ । यस्तै परिस्थितिलाई बदल्ने उद्देश्यले किसान-कोपले "किसान-कोप एग्रो बिजनेस" सुरू गरेको हो। यस अन्तर्गत संस्थाले सदस्य किसानहरूलाई गुणस्तरीय मल, विउ-विजन, कृषि यान्त्रिक उपकरण, र निःशुल्क प्राविधिक सल्लाह उपलब्ध गराउँदै आधुनिक, व्यावसायिक र आत्मनिर्भर कृषि प्रणालीको विकासमा योगदान पुऱ्याउँदैछ । हाल लम्की, राजापुर र जोशीपुरमा कृषि मार्ट सञ्चालनमा छन् । पाँच वर्षभित्र संस्थाले १० वटा कृषि मार्ट विस्तार गर्ने लक्ष्य लिएको छ । एग्रो व्यवसायको माध्यमबाट संस्थाले किसानका उत्पादनलाई बजारमा पहुँच, मूल्य सुनिश्चितता र प्रशोधनका अवसरहरू सृजना गर्दैछ। मसला, अचार, दलहन, अन्न आदि उत्पादनहरूको ग्रेडिङ, प्याकेजिङ र स्थानीय बिक्री वितरण प्रणाली विकास गर्दै सहकारीलाई कृषि-पर्यटनसम्म विस्तार गर्ने दीर्घकालीन दृष्टि लिएको छ । यसरी, गैरवित्तीय व्यवसायमार्फत किसान-कोपले आर्थिक लाभका साथसाथै रोजगारी सृजना, आयात प्रतिस्थापन, र स्थानीय उत्पादन प्रवर्द्धनजस्ता दीर्घकालीन विकासका लक्ष्यहरू हासिल गर्ने दृष्टी लिएको छ ।

जय सहकारी ! जय किसान !

❑❑

"समृद्ध अर्थतन्त्रको माग - सहकारीको भाग "

भौगोलिक विकटतालाई निकटता बनाउँदै किसान : सहकार्यबाट समृद्धिको बाटो

"सहकारी संस्थाले समुदायसँगको सहकार्यमा सेवा विस्तार गर्दा दुर्गम बस्तीहरुसँग निकट सम्बन्ध कायम गर्न सफल भएको छ। यसले ग्रामीण जनतालाई आर्थिक क्रियाकलापको मूलधारमा ल्याउँदै सहकार्य र आत्मनिर्भरताको भावना स्थापित गरेको छ।"

तप्त बहादुर खत्री
शाखा प्रमूख
(कमलबजार शाखा)

नेपालको सहकारी आन्दोलन ग्रामीण अर्थतन्त्रको मेरूदण्डका रूपमा विकसित हुँदै आएको छ । ग्रामीण अर्थतन्त्र भन्नासाथ कृषि, पशुपालन, साना उद्यम, हस्तकला र स्थानीय सेवासँग सम्बन्धित पेशा र व्यवसाय सम्झिन्छौँ । यस क्षेत्रमा सहकारी संस्थाहरूले वित्तीय पहुँच विस्तार, रोजगारी सिर्जना, आर्थिक सशक्तीकरण, बजार पहुँच र आत्मनिर्भरता अभिवृद्धि गर्न उल्लेखनीय योगदान पुऱ्याइरहेका छन् ।

यसै सन्दर्भमा सुदूरपश्चिम प्रदेश र लुम्बिनी प्रदेशको राजापुर नगरपालिका कार्यक्षेत्र रहेको किसान बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड ग्रामीण विकास र वित्तीय समावेशीकरणको सशक्त उदाहरण बनेको छ । स्थापना कालदेखि नै ग्रामीण जनताको जीवनस्तर उकास्ने लक्ष्यसहित यो संस्था निरन्तर क्रियाशील रहँदै आएको छ ।

विकट भूगोलमा सहकार्यको उज्यालो

नेपालको सुदूरपश्चिम क्षेत्र भौगोलिक रूपमा विकट, आर्थिक रूपमा कमजोर र सामाजिक रूपमा परम्परागत बन्धनले ग्रस्त क्षेत्र हो । दार्चुला, बझाङ, बैतडी, डोटी, डडेलधुरा, बाजुरा र अछामका गाउँहरू अझै पनि शिक्षा, स्वास्थ्य, यातायात, सूचना प्रविधि र रोजगारीका अवसरको कमीबाट प्रभावित छन् ।

यस्ता चुनौतीबीच पनि किसान बहुउद्देश्यीय सहकारीले ग्रामीण जनतालाई आर्थिक रूपमा सशक्त बनाउन वित्तीय र गैरवित्तीय कार्यक्रम सञ्चालन गर्दै आएको छ । घरदैलोमै बैंकिङ सेवा पुऱ्याएर संस्थाले भौगोलिक विकटतालाई अवसरका रूपमा रूपान्तरण गर्न सफल भएको छ ।

संस्थाले समुदायसँगको सहकार्यमा सेवा विस्तार गर्दा दुर्गम बस्तीहरूसँग निकट सम्बन्ध कायम गर्न सफल भएको छ । यसले ग्रामीण जनतालाई आर्थिक क्रियाकलापको मूलधारमा ल्याउँदै सहकार्य र आत्मनिर्भरताको भावना स्थापित गरेको छ ।

सदस्यको घरदैलोमा वित्तीय सेवा

संस्थाले ग्रामीण जनतालाई नियमित बचत गर्न उत्प्रेरित गर्दै सुरक्षित र भरपर्दो वित्तीय पहुँच सुनिश्चित गरेको छ । संकलित बचतलाई उत्पादनमुखी कर्जामा लगानी गरी स्थानीय अर्थतन्त्रलाई चलायमान बनाइएको छ । यसले कृषि, पशुपालन, साना व्यवसाय र स्वरोजगारमा उल्लेखनीय सहयोग पुर्‍याएको छ ।

देश–विदेशमा रोजगारीका लागि गएका परिवारका सदस्यहरूका लागि संस्थाले विश्वसनीय रेमिटान्स सेवा सञ्चालन गरेको छ । यसले ग्रामीण जनतालाई सुरक्षित ढङ्गले पैसा प्राप्त गर्न सहयोग पुर्‍याएको छ र अवैध माध्यमबाट हुने आर्थिक जोखिम घटाएको छ ।

सहकारी शिक्षा र सामाजिक रुपान्तरण

संस्थाले वित्तीय साक्षरतादेखि सामाजिक सचेतनासम्मका कार्यक्रम सञ्चालन गर्दै आएको छ । सहकारी शिक्षामार्फत सदस्यहरूलाई बचत, लगानी र आर्थिक निर्णयबारे सचेत गराउँदै पारदर्शिता र जवाफदेहिताको संस्कार विकसित गरेको छ ।

साथै, सुदूरपश्चिमका समाजमा गहिरो रूपमा जरा गाडेका छुवाछूत, छाउपडी र लैङ्गिक असमानता जस्ता परम्परागत बाधाहरू अन्त्य गर्न संस्था निरन्तर सचेतना र शिक्षाका कार्यक्रम सञ्चालन गरिरहेको छ ।

विशेषतः ९० हजारभन्दा बढी महिलालाई आर्थिक क्रियाकलापमा सहभागी गराई नेतृत्व क्षमताको विकास गर्नु संस्थाको अभूतपूर्व उपलब्धि हो ।

सहकार्यबाट सम्भव भएको रुपान्तरण

संक्षेपमा भन्नुपर्दा, किसान बहुउद्देश्यीय सहकारी संस्था लिमिटेडले भौगोलिक विकटतालाई अवसरको रूपमा लिँदै ग्रामीण अर्थतन्त्र विकासमा नयाँ अध्याय लेखेको छ ।

सहकार्य र सामुदायिक सहभागिताको बलमा आर्थिक सशक्तीकरण र सामाजिक रूपान्तरण दुवै सम्भव हुन्छ भन्ने प्रमाण किसान सहकारीले प्रस्तुत गरेको छ । बचत, कर्जा, रेमिटान्स, कृषि व्यवसाय, वित्तीय साक्षरता र सदस्य सुरक्षण कार्यक्रममार्फत यो संस्था अब पश्चिम नेपालको आशा, आत्मनिर्भरता र विश्वासको प्रतीक बनेको छ ।

❑❑

ईलाका कार्यालय

१	अमरगढी ईलाका	९८०२५०७१७४	३	टिकापुर ईलाका	९८०२५०७१५२
२	चौमाला ईलाका	९८०१७१५०८५	४	शुक्लाफाटा ईलाका	९८०२५०७१६६
५	जोशीपुर ईलाका	९८०२५०७१५४			

वित्तिय यूनिट - शाखा कार्यालय

१	अत्तरिया शाखा	०९१-५५१२७१	२१	प्रतापपुर शाखा	९८०२५०७१६०
२	अमरगढी शाखा	०९६-५९०८९०	२२	फुलवारी शाखा	०९१-५०५०७७
३	आलिताल शाखा	९८६०५३५४३६	२३	बेलौरी शाखा	०९९-५८०३३७
४	कमलबजार शाखा	९७४६२५४८२९	२४	बौनिया शाखा	०९१-४०४०००
५	कृष्णपुर शाखा	०९९-४१७०४६	२५	भजनी शाखा	०९१-५८०२३४
६	गणेशवावा शाखा	९८०१७२१५८९	२६	भिमदत्त शाखा	०९९-५९००४६
७	गेटा शाखा	०९१-५७५०६३	२७	मंगलसेन शाखा	०९७-५९०४५८
८	चौमाला शाखा	०९१-४१८०६१	२८	मसुरिया शाखा	०९१-४०२०९०
९	जोरायल शाखा	९८६०५३५७०५	२९	मोतीचोक शाखा	०९१-५९०४६७
१०	जोशीपुर शाखा	०९१-४०१०६८	३०	राजीपुर शाखा	०९१-५०३०८५
११	टिकापुर शाखा	०९१-५६१२७५	३१	लम्की शाखा	०९१-५४०५००
१२	टिकापुर बी शाखा	०९१-५६०३९९	३२	लम्की बी शाखा	०९१-५४०४८६
१३	दोधराचादनी शाखा	०९९-४००००६	३३	सहजपुर शाखा	९७६९०९२०१०
१४	दैजी शाखा	९८०१७२१५८८	३४	साँफेबगर शाखा	०९७-५९०१४२
१५	धनगढी शाखा	०९१-५२६१८४	३५	सिलगढी शाखा	०९४-५९०२११
१६	नारायणपुर शाखा	९८०२५०७१७६	३६	सुखड शाखा	०९१-४०३२०२
१७	पाटन शाखा	०९५-५९०३२३	३७	सोल्टा शाखा	९७६९०९२०११
१८	पहलमानपुर शाखा	०९१-४००२०९	३८	शिखर शाखा	०९४-५९०२४०
१९	पथरैया शाखा	९८०२५०७१५७	३९	शुक्लाफाँटा शाखा	०९९-५४०१९१
२०	पुनर्वास शाखा	०९९-५६०३३२	४०	हसुलिया शाखा	९८०२५०७१७०

किसान-कोप एग्रो

१	लम्की एग्रो मार्ट	९८०१७१५०८६	२	राजापुर एग्रो मार्ट	९८०१७०७७१७
३	जोशीपुर एग्रो मार्ट	९८०१७०७७१६	४	माटो परीक्षण प्रयोगशाला	९८०१७०६७८६
५	कोल्ड स्टोर	९८०१७०६७८६	६	कृषी फार्म अमरावती	९८०१७०७७१५

किसान-कोप मार्ट

१	लम्की केन्द्र	९८०१३०८९०८	३	बौनिया आउटलेट	९८०१७५१३४४
२	लम्की आउटलेट	९८०१३०८९१६	४	सुखड आउटलेट	९८०१७५३९५१

सदस्य सुरक्षण योजना

Client Protection Certified
the smart campaign
Awarded April 2021

जन्मदेखि मरणोपरान्त सम्म किसान-कोप

सुत्केरी स्याहार खर्च

पहिलो तथा दोस्रो बच्चामा मात्र उपलब्ध गराइने

रू. १,५००/-

किसान-कोप शिक्षा पदक

SEE मा उत्कृष्ट विद्यार्थीलाई छात्रवृत्ति प्रति शाखा २-२ जनालाई

रू. ५,०००/-

MBBS अध्ययन गर्ने विद्यार्थीलाई प्रोत्साहन खर्च उपलब्ध गराईने ।

रू. १०,०००/-

प्राकृतिक प्रकोप राहत

बाढी पहिरोबाट विस्थापित, आगलागी, भुकम्प र चट्याङ्गबाट क्षति भएमा राहत उपलब्ध गराईने ।

रू. ५,०००/-

उपचार खर्च

जटिल शल्यक्रिया गर्नुपरेमा

रू. १५,०००/-

घातक रोग लागेमा रू. १५,०००/- सम्म उपचार खर्च ।

अंग प्रत्यारोपन गर्नु परेमा

रू. ५०,०००/-

सम्म उपचार खर्च ।

फरक क्षमता/एकल महिला राहत कार्यक्रम

एकल महिला/अपाङ्ग सदस्यलाई मौसमी कर्जा ब्याजमा

१ ％

छुट ।

काजक्रिया खर्च

शेयर सदस्यको मृत्युमा रू. २५,०००/- सम्म काजक्रिया सुविधा ।

श्रीमानको मृत्युमा काजक्रिया सुविधा ।

रू. ८,०००/-

कर्जा मुक्ति योजना

- सदस्यको मृत्युमा कर्जाबराबर सुविधा ।
- सदस्यको दुर्घट्ना भई मृत्यु भएमा २००٪
- काजक्रिया खर्च ४०٪
- श्रीमानको मृत्यु भएमा कर्जा बराबर सुविधा ।
- उमेर हद ६९ वर्ष ।

समुदायका लागि किसान-कोप

समुदाय र सामाजिक कार्यमा किसान-कोपको सहकार्य ।

20 52 kisan-coop किसान-कोप

KISAN-COOP Agro Business Lamki, Kailali

KISAN-COOP MART

Toll Free 16609117333 | /Kisan-Coop | /Kisan-Coop | info@kisancoop.com | www.kisancoop.com | YouTube /kisancoop